असार - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष ३१, अङ्क ५ | २०७९ असार १-१५ | पूर्णाङ्क ७१९





प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री भीमराज घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| इजलास नं. १ | ७ | | |
| इजलास नं. २ | ४ | इजलास नं. ९ | २ |
| इजलास नं. ३ | ३ | इजलास नं. १० | ३ |
| इजलास नं. ४ | २ | इजलास नं. १२ | २ |
| इजलास नं. ५ | ३ | | |
| इजलास नं. ६ | २ | | |
| इजलास नं. ७ | ३ | | |
| इजलास नं. ८ | ३ | **जम्मा** | **७** |
| **जम्मा** | **२७** | | |

**कूल जम्मा २७ + ७ = ३४**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७९, असार – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं. १** | | | **१ – १२** |
| १. | उत्प्रेषण परमादेशसमेत | डा. सन्दीप कँडेलसमेत वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत | १ |
| २. | उत्प्रेषण, परमादेश, प्रतिषेध | सर्वजीतराज पाण्डे वि. नेपाल क्रिकेट सङ्घ काठमाडौंसमेत | ३ |
| ३. | अंश | सुमन चन्द वि. दिपक चन्द | ५ |
| ४. | बन्दी प्रत्यक्षीकरण | देवराज घिमिरे वि. गृह मन्त्रालयसमेत | ६ |
| ५. | उत्प्रेषणयुक्त परमादेश | कृति पौडेलसमेत वि. ग्लोबल आई.एम.ई. बैंक केन्द्रीय कार्यालयसमेत | ७ |
| ६. | कर्तव्य ज्यान | देवकुमारी कुमालको जाहेरीले नेपाल सरकार वि. गंगा कुमाल, देवकुमारी कुमालको जाहेरीले नेपाल सरकार वि. मुक्तबहादुर कुमाल | ९ |
| ७. | अंश चलन | मदनकुमार खालिङसमेत वि. राजु खालिङ | ११ |
| **इजलास नं. २** | | | **१३ – १६** |
| ८. | उत्प्रेषण | मनिषकुमार अग्रवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | १३ |
| ९. | कर्तव्य ज्यान | राजमले रोकाया वि. नेपाल सरकार | १४ |
| १०. | जबरजस्ती करणी | नेपाल सरकार वि. पदमबहादुर मगर | १५ |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पदमबहादुर थापा | १६ |
| **इजलास नं. ३** | | | **१६ – १९** |
| १२. | जालसाजी | राजकुमार साह कानू वि. विसुन्दर पंडित | १६ |
| १३. | उत्प्रेषणयुक्त परमादेश | द्रोणबहादुर खनालसमेत वि. दाङ देउखुरी जिल्ला अदालतसमेत | १७ |
| १४. | जबरजस्ती करणी | नेपाल सरकार वि. धिरेन्द्र ठाकुर | १८ |

| इजलास नं. ४ | | | १९ – २२ |
| --- | --- | --- | --- |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भिमबहादुर सुनार, भिमबहादुर सुनार वि. नेपाल सरकार | १९ |
| १६. | उत्प्रेषण परमादेशसमेत | अशोककुमार सिंहसमेत वि. श्रीप्रसाद साहसमेत | २१ |
| इजलास नं. ५ | | | २२ – २७ |
| १७. | उत्प्रेषण, परमादेशसमेत | सुरेन्द्रप्रसाद कोइराला वि. त्रिभुवन विश्वविद्यालय, उपकुलपतिको कार्यालय, कीर्तिपुरसमेत | २२ |
| १८. | धर्मलोप | पूर्णमान श्रेष्ठसमेत वि. रत्नदेवी श्रेष्ठसमेत | २४ |
| १९. | करारबमोजिम रकम उपलब्ध गराइपाऊँ | राजेश भण्डारी वि. देवी खनाल | २५ |
| इजलास नं. ६ | | | २७ – २९ |
| २०. | करार ऐन, २०५६ को दफा ८७(२) बमोजिम उपयुक्त आदेश जारी गरिपाऊँ | गजेन्द्रकुमार ठाकुर वि. सन्तोषकुमार गुप्ता | २७ |
| २१. | करार बमोजिम गराइपाऊँ | द्वारिका महर्जनसमेत वि. निजेश प्राधान | २८ |
| इजलास नं.७ | | | ३० - ३२ |
| २२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. क्षेत्र गर्बुजा | ३० |
| २३. | उत्प्रेषण, परमादेश समेत | महेश डंगोल वि. आन्तरिक राजस्व कार्यालय, कलंकी, काठमाडौं | ३० |
| २४. | परमादेश | रिंकुकुमारी झा वि. परीक्षा नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय, त्रिभुवन विश्वविद्यालय, बल्खु, काठमाडौंसमेत | ३२ |
| इजलास नं.८ | | | ३२ - ३७ |
| २५. | लागु औषध अफिमसमेत | सुदीपकुमार मुक्तानसमेत वि. नेपाल सरकार | ३२ |
| २६. | कर्तव्य ज्यान | ज्योतिष बुढा वि. नेपाल सरकार, मानबहादुर दमाई वि. नेपाल सरकार, कर्णबहादुर बस्नेत वि. नेपाल सरकार | ३४ |

| | | | |
|---|---|---|---|
| २७. | उत्प्रेषणसमेत | श्रीप्रसाद देवकोटा वि. श्री नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौंसमेत | ३६ |
| **इजलास नं.९** | | | ३७ - ३९ |
| २८. | बैंकिङ कसुर | नेपाल सरकार वि. नरेश लामगादे | ३७ |
| २९. | जालसाजी | शंकर सिंह वि.क. वि. पुष्पे रानासमेत | ३८ |
| **इजलास नं.१०** | | | ३९ - ४२ |
| ३०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. आजाद अन्सारी | ३९ |
| ३१. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. मिलन कार्की | ४१ |
| ३२. | बन्दी प्रत्यक्षीकरण | उड्फेन वि. महानगरीय प्रहरी परिसर जाउलाखेल ललितपुरसमेत | ४१ |
| **इजलास नं.१२** | | | ४३ - ४४ |
| ३३. | डाँका | नेपाल सरकार वि. सिजन अधिकारीसमेत | ४३ |
| ३४. | ठगी | नेपाल सरकार वि. सिजन अधिकारीसमेत | ४३ |

## इजलास नं.१

**१**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खडका,** *०७३-WO-१३२७, उत्प्रेषण परमादेशसमेत, डा. सन्दीप कँडेलसमेत वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत*

निवेदक अधिवक्ता देवेन्द्र घिमिरे, प्रत्यर्थी कार्यकारी परिषद् त्रिभुवन विश्व विद्यालय केन्द्रीय कार्यालय कीर्तिपुर काठमाडौंसमेत भएको ०७३-WO-१२७१ को उत्प्रेषणको रिटमा "प्रवेश परीक्षाको योग्यताक्रमअनुसार विद्यार्थी काउन्सिलिङ गर्नुअगावै विपक्षीहरूले सम्बन्धन दिएका शिक्षण संस्थाहरूमा भर्ना लिन छुट दिएमा अन्यौल सिर्जना हुन सक्ने हुँदा योग्यताक्रममा रहेका विद्यार्थीको हितको लागि भर्नासम्बन्धी योग्यताक्रम खलबलिने गरी विद्यार्थी भर्नासम्बन्धी कार्य नगर्नु, नगराउनु' भनी यस अदालतबाट मिति २०७४।२।२१ मा अन्तरिम आदेश भएको देखिन्छ। तोकिएको प्रक्रिया पूरा नगरी गरिएको भर्ना गैरकानूनी भएकोले उक्त भर्नाहरू चिकित्साशास्त्र अध्ययन संस्थानलाई अमान्य हुने भनी विद्यापरिषद् स्थायी समितिबाट मिति ०७४।२।२८ मा निर्णय भएको र सोहीअनुसार चिकित्साशास्त्र अध्ययन संस्थानले सम्बन्धन प्राप्त कलेजहरूमा गरिएका भर्नाहरू स्वतः गैरकानूनी भएको तथा सम्बन्धन प्राप्त कलेजहरूका लागि त्रि. वि. कार्यकारी परिषद्बाट विद्यार्थी भर्ना शुल्क निर्धारण भई आएपछि ओपन हाउस काउन्सिलिङमार्फत योग्यताक्रमको आधारमा विद्यार्थीहरू छनौट गरेपश्चात् निज विद्यार्थीहरूको भर्ना अध्ययन संस्थानबाटै गरी सम्बन्धित कलेजहरूमा पठाउने बेहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ भनी सूचना प्रकाशित गरेको देखिने।

त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १२(घ) बमोजिम त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसको विभिन्न तहमा अध्ययन अध्यापन र अनुसन्धान गरिने विषयहरूमा भर्ना हुन चाहिने योग्यता र भर्ना हुने आधारहरू तोक्ने काम, कर्तव्य र अधिकार प्राज्ञिक परिषद्को क्षेत्राधिकारभित्र पर्ने र प्राज्ञिक परिषद्ले निर्धारण गरेको योग्यताको आधारमा विद्यार्थी छनौटका आधार र प्रक्रिया तोक्ने अधिकार त्रि.वि. सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम १३६ ले विद्यापरिषद्मा रहेको देखिन्छ। यसबाट विद्यापरिषद्मा चिकित्साशास्त्र अध्ययन संस्थान मातहतका सम्बन्धन प्राप्त कलेजहरूमा विद्यार्थी भर्नाको लागि आवश्यक मापदण्ड निर्धारण गर्न सक्ने कानूनी अधिकार रहेको देखिन्छ। उक्त निकायले निर्धारण गरेको मापदण्ड सम्बन्धन प्राप्त कलेजहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने कुरामा कुनै द्विविधा रहेको नदेखिने।

विद्यापरिषद्को बैठकको निर्णयबमोजिम विद्यार्थी भर्ना प्रक्रियाका सम्बन्धमा Open House

Counselling मा सहभागी भएर मात्र भर्ना हुन सक्ने प्रक्रिया तथा मापदण्ड निर्धारण गरेको र सोबारेमा चिकित्साशास्त्र अध्ययन संस्थानले सार्वजनिक रूपमा सबैको जानकारीमा ल्याएकोसमेत अवस्था देखिन्छ । सम्बन्धन लिइएको विश्वविद्यालय त्रि. वि. अन्तर्गतको विद्यापरिषद्ले निर्धारित गरेको प्रक्रिया तथा मापदण्ड पूरा नगरी अनिवार्य रूपमा पूरा गर्नुपर्ने गरी तोकिएको Open House Counselling मा सरिक नभएका निवेदकहरूलाई विपक्षी नेसनल मेडिकल कलेजले भर्ना लिएको र निवेदक विद्यार्थीहरूसमेत उल्लिखित मापदण्ड पूरा नगरी भर्ना भएको देखिन आउने ।

यस अदालतबाट यसै प्रकृतिका विभिन्न मुद्दाहरूमा (०७३-WO-१३५६, ०७३-WO-१३९१ आदिमा) योग्यताक्रमको आधारमा Open House Counselling बाट छनौट भएका विद्यार्थीहरूलाई भर्ना गर्नु भनी अन्तरिम आदेश जारी भएको र Open House Counselling नगरी भर्ना भएका विद्यार्थीहरूका हकमा निजहरूको भर्नालाई मान्यता दिने गरी आदेश जारी भएको नदेखिएकोबाट समेत यस अदालतले त्रि.वि. मातहत विद्यापरिषद्ले निर्धारित गरेको पद्वति र प्रक्रियालाई पूरा गर्नुपर्ने गरी आदेश जारी गरेको देखिने ।

प्रस्तुत रिट निवेदनमा समेत निवेदकहरूको हकमा अन्तरिम आदेश जारी नहुने गरी मिति २०७४।४।५ मा यस अदालतबाट आदेश भएको देखिन्छ । विपक्षी नेसनल मेडिकल कलेजको मिति २०७४।४।१ को च.नं. १०३।०७४।०७५ को डिनको कार्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थान, त्रि.वि. लाई प्रेषित तथा यस अदालतलाई बोधार्थ दिइएको पत्रमा निवेदकहरू उक्त कलेजमा अध्ययनरत विद्यार्थीहरू रहेको भनी उल्लेख गरेको तथा यस अदालतबाट भर्ना गर्नु भनी आदेश भएका Open House Counselling को प्रक्रियामा सहभागी भएका विद्यार्थीलाई समेत भर्ना गरिएको भनी खुलाइएकोसमेत देखिन्छ । सो पत्रबाट निवेदकहरू तथा सामेल हुन आएकामध्येका कृष्ण अधिकारीसमेतले भर्ना पाएको देखिन आएको छ । त्यसैगरी विपक्षी नेसनल मेडिकल कलेजले मिति २०७६।९।४ मा यस अदालतलाई पठाएको पत्रमा मुद्दा नं. ०७३-WO-१३५६, र ०७३-WO-१३२७ सँग सम्बन्धित विषयमा ११ जना विद्यार्थीहरू उक्त कलेजको स्नातकोत्तर (PG) कार्यक्रमअन्तर्गत त्रि.वि. चिकित्सा शास्त्र अध्ययन संस्थानको प्रवेश परीक्षा उत्तीर्ण गरी उक्त संस्थानको काउन्सिलिङसमेत गरी उक्त संस्थाले यस कलेजमा अध्ययनका लागि पठाएको हुँदा उक्त विद्यार्थीहरू मात्र यस कलेजमा भर्ना भई अध्ययनरत रहेको बेहोरा अनुरोध छ भनी जानकारी दिएको र रिट निवेदकमध्येका संदिप कँडेल, भगवान बाबु साह, दिपेन्द्र महतोसमेतको नाम संलग्न रहेको देखिन आएको छ । यसले Open House Counselling को प्रक्रियालाई निवेदकहरूले नै स्वीकार गरेको र केही निवेदकहरू उक्त प्रक्रियामा सरिकसमेत भई उक्त प्रक्रिया पार गरी भर्नासमेत भएको देखिने ।

अतः कानूनबमोजिम अधिकारप्राप्त निकाय त्रि.वि.ले तोकेको ओपन हाउस काउन्सिलिङको प्रक्रियालाई पालना नगरेको कार्यलाई मान्यता दिन सकिने अवस्था रहेको देखिँदैन । ओपन हाउस काउन्सिलिङको प्रक्रियालाई केही निवेदकहरूले स्वीकार गरी विपक्षी कलेजमा भर्ना भई अध्ययनरत रहेकोसमेत देखिएको छ। शैक्षिक वर्ष २०७३।०७४ को लागि विपक्षी नेसनल मेडिकल कलेजमा भर्ना भइसकेको हुँदा Open House Counselling मा सरिक नभएको अवस्थामा भर्ना अमान्य हुने गरी विपक्षी चिकित्सा शास्त्र अध्ययन संस्थानसमेतले गरेको निर्णय तथा सूचनालाई बदर गरी उक्त भर्नालाई वैधता दिलाई मान्यता पाउँ भन्ने निवेदन जिकिर रहेकोमा यी निवेदकहरूको हकमा अन्तरिम आदेशसमेत जारी नभएको तथा उक्त शैक्षिक वर्ष बितिसकेको अवस्था रहेको हुँदा रिट जारी हुनु र नहुनुले निवेदकहरूको हकमा कुनै तात्त्विक असरसमेत पर्न सक्ने अवस्था नदेखिएको हुँदा प्रस्तुत निवेदन प्रयोजनविहीनसमेत भइसकेको देखिन्छ । सो हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने देखिन नआएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर : कृष्णमाया खतिवडा

**इति संवत् २०७६ साल माघ १४ गते रोज ३ शुभम् ।**

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन् :

- ०७३-WO-१३४५, उत्प्रेषण, परमादेशसमेत, डा. ललितजङ्ग शाही वि. त्रिभुवन विश्वविद्यालयसमेत
- ०७३-WO-१३६१, उत्प्रेषण, परमादेशसमेत, डा. कृष्ण तिमिल्सीना वि. त्रिभुवन विश्वविद्यालयसमेत
- ०७३-WO-१३५६, उत्प्रेषण, परमादेशसमेत, डा.निशान्तकुमार ठाकुर वि. नेशनल मेडिकल कलेज, पर्सासमेत
- ०७३-WO-१३७८, उत्प्रेषण, परमादेशसमेत, डा. कृतेन्द्रराज शर्मासमेत वि. युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज, रूपन्देहीसमेत
- ०७३-WO-१३९१, उत्प्रेषण, परमादेशसमेत, डा. सुजता खड्का वि. युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज, रूपन्देहीसमेत

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-WO-११८८, उत्प्रेषण, परमादेश, प्रतिषेध, सर्वजीतराज पाण्डे वि. नेपाल क्रिकेट सङ्घ काठमाडौंसमेत*

निवेदकहरूको सदस्यता खारेजीको विषयलाई हेर्दा केन्द्रीय कार्य समितिका महासचिवमार्फत मिति २०७५।९।७ मा प्रेषित पत्रमा निवेदकहरूको नाम साधारण सदस्यका रूपमा समावेश नभएको र सदस्यता नै खारेज भएको भन्ने मिसिल संलग्न कागजातबाट देखियो । मोरङ जिल्ला क्रिकेट सङ्घले ४३

जनाको नाम सिफारिस गरेविपरीत विपक्षीहरूबाट २२ जनाको मात्र नाम उल्लेख गरिएको भन्ने निवेदन जिकिर रहे पनि विवाद समाधान प्रयोजनार्थ गठित स्वतन्त्र टोलीले स्वतन्त्रतापूर्वक निर्वाचन भई त्यसबाट निर्वाचित सदस्यहरू तथा विधानअनुरूप योग्यता पुगेकाहरूबाट प्रमाण कागजात पेस गर्न सूचना प्रकाशित गर्दा पनि यी निवेदक सर्वजीतराज पाण्डेले कुनै कागजात पेस गर्न सकेको देखिएन भने निवेदकमध्येको गुराँस पुस्तकालयले नेपाल क्रिकेट सङ्घको साधारण सदस्यता नै प्राप्त गरेको नदेखिँदा निजको सदस्यता खारेज भएको भन्ने प्रश्न नै रहेन। यसबाट मिति २०७५।९।७ मा विपक्षी समितिका महासचिवसमेतका योजनामा प्रेषित पत्रबाट हामीलाई मताधिकारसमेतबाट वञ्चित गरिएको भन्ने निवेदन जिकिर स्वत: खण्डित हुन आउने।

आगामी निर्वाचन नगर्न नगराउन परमादेशको दाबी लिएको सन्दर्भलाई हेर्दा मिति २०७६।२।१८ गतेका निम्ति जिल्ला कार्य समिति गठन प्रयोजनार्थ भनी साधारण सदस्यहरूलाई पत्रिकामार्फत सूचना सम्प्रेषित गरेको देखियो। स्वतन्त्र टोलीको पर्यवेक्षण एवं अगुवाइमा हुन लागेको मोरङ जिल्ला क्रिकेट सङ्घको उक्त निर्वाचन सम्पन्न गराउनु भनी स्वतन्त्र टोलीका तर्फबाट विपक्षी राजेश्वर श्रेष्ठलाई जिम्मेवारी तोकिएको भन्ने पनि स्वतन्त्र टोलीको लिखित जवाफबाट देखिन आयो। मिति २०७६।२।१८ गतेका निम्ति निर्धारित उक्त कार्यक्रम नगर्नु, नगराउनु भनी निवेदकहरूले दाबी लिए पनि यी निवेदकहरू हाल मोरङ जिल्ला क्रिकेट सङ्घ तथा नेपाल क्रिकेट सङ्घका साधारण सदस्य नै नरहेका भन्ने कुरा पुष्टि भइसकेको अवस्थामा उक्त निर्वाचन सम्पन्न भए पनि र नभए पनि निवेदकहरूको कानूनी हैसियतमा कुनै फरक पर्ने देखिएन। यसबाट निवेदकहरूलाई उक्त कार्यक्रम रोक्न परमादेशको आदेश जारी हुनुपर्छ भनी दाबी लिने कानूनी हैसियत नै नरहेको भन्ने देखियो भने मिति २०७६।२।१८ का निम्ति निर्धारित कार्यक्रमको अवधि नै समाप्त भई औचित्य र आवश्यकताका आधारमा समेत परमादेशको आदेश जारी गर्न नमिल्ने।

निवेदक सर्वजित राज पाण्डेले विवाद समाधान प्रयोजनार्थ गठित स्वतन्त्र टोलीसमक्ष आफू नेपाल क्रिकेट सङ्घको वैधानिक सदस्य थिएँ भन्ने कागजात पेस गर्न नसकेको कारण निजको साधारण सदस्यता नै नवीकरण नभएको र अर्का निवेदक लालीगुराँस पुस्तकालयले आधिकारिक रूपमा नेपाल क्रिकेट सङ्घको साधारण सदस्यता प्राप्त गरेको भन्ने स्वतन्त्र टोलीलाई प्राप्त कागजातबाट नदेखिएको भन्ने स्पष्ट भइरहेको अवस्थामा यी निवेदकहरू नेपाल क्रिकेट सङ्घका साधारण सदस्य नरहेका भनी मिति २०७५।९।७ मा विपक्षी समितिका महासचिवसमेतका तर्फबाट प्रेषित पत्र एवं सोका आधारमा भए गरेका कार्यहरू उत्प्रेषणको आदेशद्वारा बदर गर्नुपर्ने देखिएन। साथै मिति २०७६।२।१८ गतेका निम्ति जिल्ला कार्य समिति गठन प्रयोजनार्थ निर्धारित कार्यक्रम रोकी

पाउन निवेदकले माग गरेको समयावधि नै समाप्त भसकेको अवस्थामा परमादेशको आदेश जारी गर्नुपर्ने औचित्यसमेत देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७६ साल श्रावण ७ गते रोज ३ शुभम्।**

**३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-CI-१६२८, अंश, सुमन चन्द वि. दिपक चन्द*

सगोलको पैतृक सम्पत्तिसम्म अंशबन्डा गर्नुपर्नेमा मेरो निजी आर्जनको सम्पत्ति मेरो नाउँको कि.नं. २६८७ को जग्गासमेत बन्डा हुने ठहराएको जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको उच्च अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी उक्त जग्गा मेरो निजी आर्जनको बन्डा नलाग्ने सम्पत्ति ठहर गरिपाउँ भन्ने प्रतिवादी सुमन चन्दको पुनरावेदन जिकिर रहेको देखियो। सो सम्बन्धमा विचार गर्दा यी पुनरावेदक सुमन चन्दले आफ्नो स्वआर्जनको भनी जिकिर गरेको उक्त कञ्चनपुर जिल्ला, भि.न.पा. वडा नं.१९ कित्ता नं. २६८७ को जग्गा निजले दाइजो, पेवा वा बकस पाएको नभई र.नं. ३४१७ मिति २०७०।११।२७ मा दिने हरिनादेवी जोशी र लिने यी पुनरावेदक सुमन चन्द भई राजीनामा लिखत पारित गरी खरिद लिएको कुरा मिसिल संलग्न कागजातबाट देखिन्छ। सो समयमा निज पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादी एकासगोलमै रहेको कुरामा विवाद छैन। प्रमाण ऐन, २०३१ को दफा ६(क) मा एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्ने छ भन्ने उल्लेख भएको र सोही ऐनको दफा २७ मा अदालतले अनुमान गरेको कुनै कुरा कुनै पक्षले खण्डन गर्न चाहेमा त्यसको प्रमाण पुऱ्याउने भार सोही पक्षको हुने छ भन्ने कानूनी व्यवस्था रहेको पाइने।

पुनरावेदक वादीले उक्त कि. नं. २६८७ को जग्गा आफूले विदेश अष्ट्रेलिया गई कमाएको रकमबाट राजीनामा पारित गरिलिएको निजी आर्जनको भनी जिकिर लिए पनि सो कुरा प्रमाणित हुने तथ्यपरक ठोस सबुत प्रमाण पेस गर्न सकेको मिसिलबाट देखिँदैन। अर्कोतर्फ पुनरावेदकका पति प्रतिवादीमध्येका देवबहादुर चन्दले उक्त जग्गा आफू सशस्त्र प्रहरी बलमा कार्यरत रही संयुक्त राष्ट्र सङ्घीय मिसन डाफर सुडानमा खटी गएको समयमा कमाएको तथा तलब भत्ताबाट सञ्चय गरेको रकमबाट एकासगोलमै भएको बखत निज पुनरावेदक वादी सुमन चन्दको नाममा जग्गाधनी हरिनादेवी जोशीबाट राजीनामा पारित गरी लिएको जग्गा हो, सोबापत निज हरिनादेवी जोशीका पति शिवराज जोशीलाई रू.२,००,०००।- र रू.१५,६०,०००।- गरी दुई पटक रकम भुक्तानी गरेको हुँ भनी प्रतिउत्तर जिकिर लिएकोमा सो कुरा नबिल बैंकमा रहेको निजको खाताको मिसिल संलग्न बैंक स्टेटमेन्टबाट देखिन्छ। यस्तो

अवस्थामा एकाघरसँगका अंशियारका नाममा राजीनामाबाट खरिद गरिलिएको उक्त जग्गालाई यी पुनरावेदकको अंशबन्डाको महलको १८ नं. मा उल्लेख गरेअनुसार आर्जित गरेको निजी आर्जनको बन्डा नलाग्ने र स्त्री अंशधनको महलको १ नं. बमोजिम आफूखुस गर्न पाउने सम्पत्ति मान्न सकिने अवस्था मिसिल प्रमाणको रोहबाट देखिन नआउने।

साथै यसै लगाउको पुनरावेदक प्रतिवादी सुमन चन्द र प्रत्यर्थी वादी देवबहादुर चन्द भएको ०७३-CR-१४९३ को सम्बन्ध विच्छेद मुद्दा र पुनरावेदक वादी सुमन चन्द प्रत्यर्थी प्रतिवादी देवबहादुर चन्दसमेत भएको ०७३-CI-१६२९ को अंश चलन मुद्दामा आज यसै इजलासबाट सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहराएको उच्च अदालतको फैसला सदर हुने ठहरी फैसला भएको छ। तसर्थ, मिसिल संलग्न आधार, प्रमाण एवं कानूनी व्यवस्थासमेतलाई मध्यनजर राखी उक्त कि.नं. २६८७ को जग्गालाई सगोलको बन्डा लाग्ने सम्पत्ति ठहराएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला मनासिब नै देखिँदा सो फैसला बदर गरी उक्त जग्गालाई निजी आर्जनको सम्पत्ति ठहर गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

वादी दाबीबमोजिम वादीले ५ भागको १ भाग अंश पाउने ठहराएको कञ्चनपुर जिल्ला अदालतको मिति २०७२।३।१५ को फैसला सदर हुने ठहराएको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७३।८।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७६ साल फाल्गुण १ गते रोज ५ शुभम्।**

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन् :

- ०७३-CI-१६२९, अंश चलन, सुमन चन्द वि. देवबहादुर चन्दसमेत
- ०७३-CR-१४९३, सम्बन्ध विच्छेद, सुमन चन्द वि. देवबहादुर चन्द
- ०७२-WO-०७९८, उत्प्रेषण, सुमन चन्द वि. देवबहादुर चन्दसमेत

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सुष्मालता माथेमा**, *०७५-WH-०१३४, बन्दीप्रत्यक्षीकरण, देवराज घिमिरे वि. गृह मन्त्रालयसमेत*

थुनामा रहेका देवराज घिमिरेलाई विपक्षी सुरक्षा निकायले झुट्टो मुद्दा दायर गरी, कानूनद्वारा स्थापित विधि र प्रक्रियासमेत पूरा नगरी, पक्राउ पुर्जीसमेत नदिई वैचारिक आस्थाकै आधारमा गैरकानूनी थुनामा राखिएको भन्ने निवेदन जिकिर रहेको भए पनि मिति २०७५।११।१० गते नक्खुस्थित NCELL को कार्यालयमा मानवीय क्षतिसमेत हुने गरी बम विष्फोटन भएको भन्ने कुरामा विवाद रहेन। उक्त घटना को-कसले गराएको भन्ने

विषय अनुसन्धानकै क्रममा रहेकै बखत विप्लव समूहका मध्य केन्द्रीय कमान्ड इन्चार्ज सुदर्शन भन्ने हेमन्त प्रकाश ओलीसमेतका व्यक्तिहरूले सामाजिक सञ्जालसमेत मार्फत उक्त घटनाको जिम्मेवारी लिएको भन्ने कुरा विभिन्न सञ्चार माध्यममार्फत पनि सार्वजनिक भएकै पाइयो। यस्तो अवस्थामा यी निवेदक देवराज घिमिरेसमेतका ९ जना व्यक्तिहरू मिति २०७५।१२।९ गते गोदावरी न.पा. १२ बाट विभिन्न हातहतियार तथा कागजातसहित पक्राउ परेका भन्ने प्रहरी दाबी र स्वयं निवेदकसमेतले सो कुरा स्वीकारेको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिइरहेको अवस्थामा निवेदकसमेत विरूद्ध दर्ता भइसकेको हातहतियार तथा खरखजाना, विष्फोटक पदार्थ, राज्य विरूद्धको कसुर र सङ्गठित अपराध कसुरसमेत मुद्दामा अनुसन्धान नै गर्न नमिल्ने भन्ने नदेखिने।

निवेदक विरूद्ध दायर भएको मुद्दामा यी निवेदक संलग्न थिए वा थिएनन् ? निजले सजाय पाउनुपर्ने हो वा होइन भन्ने विषय यस निवेदनमार्फत हेरिने विषय नभएको र त्यसै विषयमा सम्बन्धित निकायमा छुट्टै मुद्दा दर्ता भई सोही मुद्दाको अनुसन्धान प्रयोजनार्थ यी निवेदकलाई जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको, लगत्तै उक्त पुर्जीउपर स्वीकृति प्राप्त गरेको, पक्राउ मितिबाटै लागु हुने गरी म्याद थप अनुमति प्राप्त गरिसकेको, निजका विरूद्ध दायर भएको हातहतियार खरखजानासमेत मुद्दामा अनुसन्धान प्रयोजनार्थ पक्राउ गरिएको हो भन्ने कुरा स्पष्ट रहेको देखिने।

बन्दीप्रत्यक्षीकरणको आदेश गैरकानूनी थुनामा राख्ने जुनसुकै व्यक्ति, संस्था, निकाय वा पदाधिकारीका विरूद्ध जारी हुन सक्छ । यद्यपि मुद्दा हेर्ने अधिकारीबाट म्याद थप भई कानूनी कारबाहीको सिलसिलामा विधिसम्मत रूपमा थुनामा रहेको व्यक्तिको हकमा जारी हुन नसक्ने।

अत: प्रस्तुत मुद्दामा पनि यी निवेदक विरूद्ध दायर भएका हातहतियार तथा खरखजाना, विष्फोटक पदार्थसमेतका मुद्दामा निजउपर अनुसन्धान गरिनुपर्ने पर्याप्त आधार विद्यमान रहेको र सोही प्रयोजनका निम्ति अधिकारप्राप्त निकायमा दायर भएको मुद्दामा अनुसन्धान प्रयोजनार्थ साधिकार निकायबाट पक्राउ गर्ने तथा म्याद थप अनुमति लिई थुनामा राखिएको कार्यलाई गैरकानूनी थुना मान्न मिल्ने नदेखिँदा निवेदकले दाबी लिए जस्तो गैरकानूनी थुनामा राखेको भन्न मिल्ने देखिएन । तसर्थ, रिट निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर : रमा पराजुली

**इति संवत् २०७६ साल वैशाख ९ गते रोज २ शुभम्।**

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७६-WO-०५३२, उत्प्रेषणयुक्त परमादेश, कृति पौडेलसमेत वि. ग्लोबल आई.एम.ई. बैंक केन्द्रीय कार्यालयसमेत*

रिट निवेदकहरू प्रत्यर्थीमध्येका राजु शर्माको एकाघर सगोलका आमा तथा छोरी नाताका व्यक्ति रहेको र एकासगोलको सम्पूर्ण श्रीसम्पत्ति निज राजु शर्माकै नाउँमा दर्ता रहे भएको भन्ने कुरा निवेदकहरू स्वयंले स्वीकार गरेबाट निज राजु शर्मा नै घर व्यवहार वा कामकाज गर्ने व्यक्ति रहेको देखिन्छ । निवेदकहरूले दाबी गरेको राजु शर्माका नाउँ दर्ताको बाग्लुङ जिल्ला पैयुँपाटा गा.वि.स. वडा नं. १ कित्ता नं.१९३९ को जग्गा निजहरूको पैतृक सम्पत्ति नभई विपक्षी राजु शर्माले मिति २०७१।१२।४ मा राजीनामा पारित गरी खरिद गरिलिएको देखिन्छ । यी निवेदकहरूसमेतका सबै अंशियारहरू एकासगोलमै रहेको अवस्थामा घर निर्माणको लागि निज विपक्षी राजु शर्माले आफ्नो नाउँमा दर्ता रहेको उक्त कि.नं.१९३९ को जग्गा प्रत्यर्थी ग्लोबल आई. एम. ई. बैंकमा धितो राखी मिति २०७३।६।५ मा मालपोत कार्यालयबाट धितो दृष्टिबन्धकी लिखत पारित गरिदिई रू.६७,००,०००।- (अक्षरूपी सत्सठ्ठी लाख) घर कर्जा (Home Loan) लिई घर निर्माण गरेको देखिन्छ । उक्त कर्जा लिँदा विपक्षी बैंकसँग मिति२०७३।६।४ मा गरेको कर्जा / सुविधा पत्र (कर्जा सम्झौता) तथा मिति २०७४।२।२८ मा गरेको संशोधित कर्जा / सुविधा पत्रमा निज विपक्षी राजु शर्माकी एकाघर सगोलकी पत्नी उषारानी शर्मा व्यक्तिगत जमानीदाताको रूपमा रोहबरमा बसेको देखियो । विपक्षी बैंकबाट लिएको कर्जा रकमबाट निज राजु शर्माले सगोल परिवारको लागि घर निर्माण गरेको देखिँदा निवेदकहरूले विपक्षी राजु शर्माका उपर अंश, माना चामल मुद्दा दायर गरेको आधारमा उक्त कर्जा तिर्नुपर्ने दायित्वबाट एकासगोलका अंशियारहरू पन्छिन मिल्ने नदेखिने ।

उक्त कर्जा / सुविधा पत्र (कर्जा सम्झौता) को बुँदा नं. ३ को सर्त बन्देजहरूअन्तर्गत ३.१३ मा ऋणीले लगातार दुई किस्ता रकम भुक्तानी नगरेको वा गर्न नसकेको अवस्थामा बैंकले जुनसुकै बखत धितोमा रहेको अचल सम्पत्ति आफ्नो कब्जामा लिन सक्ने, सोको लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले लेना रकम असुल गर्ने छ भन्ने सर्तहरू उल्लेख गरिएको देखिन्छ । विपक्षी राजु शर्माले बैंकसँग गरेको उक्त कर्जा सम्झौताअनुसार तोकिएको समयमा आफूले लिएको कर्जाको साँवा ब्याज रकम चुक्ता नगरेकोले विपक्षी बैंकले निजका नाममा कर्जाको साँवा ब्याज भुक्तानी गर्ने भनी मिति २०७६।३।१५, २०७६।४।७, २०७६।४।२७ र २०७६।५।१३ मा पत्राचार गरेको कुरा लिखित जवाफसाथ पेस गरेका उक्त पत्रहरूका प्रतिलिपिबाट देखिन आउँछ । यसप्रकार विपक्षी राजु शर्माका नाउँमा कर्जाको साँवा ब्याज भुक्तानीका लागि पटकपटक पत्राचार गर्दासमेत कर्जा चुक्ता नगरेकोले विपक्षी बैंकले निजले दृष्टिबन्धकी पारित गरी धितोमा राखेको उक्त घर जग्गा लिलाम गरी आफूले लिनुपर्ने रकम असुलउपर गर्न मिति २०७६/०९/११ मा धितो लिलाम बिक्री गर्ने भनी सार्वजनिक सूचना प्रकाशन गरेको र उक्त मितिमा बोलकबोल गर्न कोही पनि उपस्थिति नभएकोले

पुन: मिति २०७६।९।१८ लिलाम गर्ने भनी सूचना प्रकाशित गरेको देखिने।

उक्त धितो लिलाम गर्ने निर्णय बदर गरी लिलाम प्रक्रिया रोकिपाउँ भनी निवेदन मागदाबी रहेको सन्दर्भमा विचार गर्दा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ मा ऋणीले कर्जा लेनदेनसम्बन्धी लिखत वा करारमा उल्लिखित सर्त कबुलियतको पालना नगरेमा वा लिखत वा करारको भाखाभित्र कर्जा र सोमा लागेको ब्याज वा हर्जाना चुक्ता नगरेमा ऋणीले बैंक वा वित्तीय संस्थालाई लेखिदिएको वा धितो राखेको सुरक्षणलाई लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी सम्बन्धित बैंक वा वित्तीय संस्थाले आफ्नो साँवा, ब्याज असुलउपर गर्न सक्ने छ भन्ने कानूनी व्यवस्था गरिएको देखिन्छ। यस्तो अवस्थामा विपक्षी राजु शर्माले विपक्षी बैंकसँग गरेको कर्जा सम्झौताको सर्त कबुलियतबमोजिम कर्जाको साँवा ब्याज रकम चुक्ता नगरेको हुँदा माथि उल्लिखित कानूनी व्यवस्थासमेतको आधारमा निजले कर्जा सुरक्षणबापत राखेको धितोलाई विपक्षी बैंकले लिलाम बिक्री गरी आफ्नो लेना रकम असुलउपर गर्न सक्ने नै देखियो। निवेदकहरूसमेत एकासगोलमै रहेको अवस्थामा सगोलको साझा सम्पत्तिको रूपमा रहेको घर निर्माण गर्न विपक्षी राजु शर्माले बैंकबाट कर्जा लिई घर निर्माण गरेको र उक्त कर्जाको साँवा ब्याज रकम नतिरेको कारणले विपक्षी बैंकले धितो लिलाम गर्न लागेको देखिएको अवस्थामा निवेदकहरू र विपक्षी राजु शर्माको मिलोमतोबाट प्रस्तुत रिट निवेदन परेको हो भन्ने स्पष्ट रूपमा पुष्टि हुने।

निवेदन मागदाबीबमोजिम विपक्षी बैंकको नाउँमा निवेदकहरूको अंश पर सारेर मात्र लिलाम प्रक्रिया अघि बढाउनु भनी उत्प्रेषण तथा परमादेशको आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर: कृष्णमाया खतिवडा

**इति संवत् २०७६ साल माघ २७ गते रोज २ शुभम्।**

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-०३७४, ०७५-RC-०१३५, कर्तव्य ज्यान, नेपाल सरकार वि. गंगा कुमाल, नेपाल सरकार वि. मुक्तबहादुर कुमाल*

प्रतिवादी मुक्तबहादुर कुमालले मार्ने मनसाय राखी योजनापूर्वक रातको समयमा मृतक हुमलाल कुमाललाई भिरबाट लडाई मारेको तथ्य पुष्टि हुँदा निज प्रतिवादी मुक्तबहादुर कुमाललाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत ऐ. १३ (३) नं. अनुसारको कसुर अपराधमा सोही महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको अर्घाखाँची जिल्ला अदालतको फैसलालाई सदर हुने भनी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७४।०२।१६ मा भएको फैसला साधकको रोहमा हेरी जाँच्दा मिलेकै देखिएकाले साधक सदर हुने।

अर्का प्रतिवादी गंगा कुमाललाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. अनुसार सजाय नगरी निजलाई सफाइ दिएको हदसम्म सुरू फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मिलेको नदेखिँदा बदर गरी अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, यी प्रतिवादीउपर मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम सजाय हुन अभियोग मागदाबी रहेको पाइन्छ । ज्यानसम्बन्धी महलको १७(३) नं.मा भएको कानूनी व्यवस्था हेर्दा **''अरू किसिमसँग मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरिरहनेलाई र लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई छ महिनादेखि तीन वर्षसम्म सजाय गर्नुपर्छ**'' भन्ने व्यवस्था रहेको पाइन्छ। सो अवस्था पुष्टि हुने प्रमाण प्रस्तुत मुद्दामा छ छैन भन्ने यकिन गर्नुपर्ने देखियो । प्रतिवादी गंगा कुमालले अदालतमा आई बयान गर्दा बाटोमा गएपछि निज पतिले हुमलाललाई मारौं भनी भन्दा मैले यस्तो काम नगरौँ, घर फर्कौं भन्दा मलाई धकेलेकोले भागेर आएँ भनी कसुरमा इन्कारी बयान गरेको पाइन्छ। सहप्रतिवादी मुक्तबहादुर कुमालले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा प्रतिवादी गंगा कुमालसँग बाटोमा सँगसाथै गएको भए तापनि उक्त घटना म एक्लैले घटाएको हुँ भनी बयान गरेको पाइन्छ। उक्त वारदातमा यी प्रतिवादी गंगा कुमाल उपस्थित रही वारदात गुपचुप पार्ने कार्य गरेको भनी जिकिर लिने वादी नेपाल सरकारले सो कुराको पुष्टि हुने कुनै सबुद प्रमाण देखाउन सकेको पाइँदैन। शंका र अनुमानको भरमा कसुरदार ठहराउनु फौजदारी न्यायको मान्य सिद्धान्त र प्रचलित कानूनले पनि मिल्दैन। अतः वादी पक्षबाट आफ्नो अभियोग दाबी पुष्टि गर्ने ठोस सबुद प्रमाण गुजार्न सकेको नदेखिँदा प्रतिवादी गंगा कुमाललाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीमध्येका मुक्तबहादुर कुमाललाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको सुरू फैसला साधकको रोहमा र प्रतिवादी गंगा कुमालको हकमा पुरावेदनको रोहमा हेर्दा सुरू अर्घाखाँची जिल्ला अदालतबाट मिति २०७३।३।१६ मा भएको फैसला सदर हुने भनी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७४।०२।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा २(ख) मा "**कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएकोभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ**" भन्ने कानूनी व्यवस्था भएको

परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वसहित जन्मकैदको कानूनी व्यवस्था नभएको र ऐ. को दफा १७७ (२) मा ज्यान मर्ने कसुर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने भन्ने कानूनी व्यवस्था रहे भएको देखिँदा प्रस्तुत मुद्दामा प्रतिवादी मुक्तबहादुर कुमालको हकमा सर्वस्व हुने अवस्था नदेखिने।

इजलास अधिकृतः कुबेर पाण्डे

कम्प्युटर : कृष्णमाया खतिवडा

**इति संवत् २०७६ साल कात्तिक ३ गते रोज १ शुभम्।**

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CI-०४८६, अंश चलन, मदनकुमार खालिङसमेत वि. राजु खालिङ राई*

प्रतिवादी राजु खालिङले विपक्षी वादीहरूले निजहरूकी आमा जीवित छँदैका अवस्थामा बाबुबाट अंश लिई छुट्टी भिन्न भइसकेका हुन् भनी प्रतिउत्तर जिकिर लिएको भए तापनि यो मितिमा अंशबन्डा भएको हो भनी उल्लेख गर्न तथा कुनै पारित लिखत वा घरसारको लिखत पेस गर्न सकेको देखिँदैन। परिवारमा परिवारका सदस्यहरू विभिन्न कारणले अलगअलग बस्ने तथा आ आफ्नो दैनिक व्यवहार गर्ने कुरा स्वाभाविक नै रहन्छ। अलगअलग बसी आ-आफ्नो घर व्यवहार चलाउँदै आएको अवस्थालाई कानूनबमोजिमको अंशबन्डा भएको अवस्था हो भनी परिभाषित गर्न मिल्दैन। अंशियारहरू एकसाथ नबसी अलगअलग घर व्यवहार गरी बसेको अवस्था वा कारणले पैतृक सम्पत्तिमा अंश पाउने हकबाट वञ्चित गर्न मिल्ने नदेखिने।

वादी प्रतिवादीहरूका पिता गंगाबहादुरका दुई श्रीमती भएका कारणले दुवै श्रीमती तथा निजतर्फका छोराछोरीहरू अलगअलग बस्दै आएको तथा आ-आफ्नो आय व्ययमा आ-आफ्नो दैनिक घर व्यवहार चलाउँदै आएको भन्ने देखिन्छ। सो कुरालाई वादी प्रतिवादी दुवै पक्षले स्वीकार नै गरेका छन्। प्रतिवादीले वादीहरूकी आमाले पिताबाट अंश लिएर छुट्टै बस्दै आएको र सोही सम्पत्ति वादीहरूले आपसमा बन्डा गरी लिएको हुँदा बाबुबाट आफूले प्राप्त गरेको सम्पत्तिमा वादीहरूको हक लाग्ने होइन भनी जिकिर लिएको भए तापनि अंशबन्डा भएको भन्ने विश्वासिलो आधार प्रमाण देखाउन सकेका छैनन्। पारित लिखत वा घरसारको लिखत भएको हो भन्ने जिकिरसमेत लिन सकेका छैनन्। केवल अलगअलग रहँदै आएको र अलगअलग आय आम्दानी वा घर व्यवहार चलाउँदै आएको भन्नेसम्मको जिकिर लिएका छन्। वादी प्रतिवादीहरू आ-आफ्नो घर व्यवहार गरी अलगअलग रहँदै आएकोमा विवाद छैन। सोही कारणले मात्र अंशबन्डा भएको हो भन्न मिल्ने नदेखिने।

अंशबन्डाको ३० नं. ले ऐन प्रारम्भ भएका मिति २०३४।०९।२७ भन्दा अगाडि बन्डाको लिखत नभए तापनि बन्डा भएको व्यवहारबाट पुष्टि भएको हुनुपर्छ भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ । त्यसको अर्थ भोग बिक्री व्यवहार

अलगअलग हुनु, छुट्टाछुट्टै दाखिल खारेज भएको अवस्था हुनु, एक अर्कोबिच जग्गा खरिद बिक्री भएको अवस्था हुनु र ती सम्पूर्ण प्रमाणबाट बन्डापत्र लिखत पारित नभए पनि व्यवहार प्रमाणबाट बन्डा भएको मानिने हो । घरसारमा वा व्यवहारमा अंशबन्डा भई श्रीमान् गंगाबहादुरबाट कुनै अचल सम्पत्ति अंश भाग प्राप्त गरी दा.खा. नामसारी भई वादीकी आमा फुलमाया लिम्बुको नाममा आएको भन्ने देखिँदैन । अंश भाग प्राप्त भई दाखेल खारेज नामसारी भएको हो भन्ने जिकिरसमेत प्रतिवादीले लिन सकेको देखिँदैन । कुनै लिखत तथा व्यवहारबाट वादी प्रतिवादीहरूबिचमा अंशबन्डा भएको नदेखिँदा अलगअलग घर व्यवहार गर्दै आएको भन्ने आधारमा अंशबन्डा भइसकेको भनी अर्थ गर्न मिल्ने हुँदैन भने मुलुकी ऐन अंशबन्डाको ३० नं. ले गरेको कानूनी व्यवस्थाको आशयसमेत सो रहेको नदेखिने ।

मुलुकी ऐन, अंशबन्डाको ३० नं. तथा न्यायिक व्याख्या विवेचनासमेतबाट वि.सं.२०३४ भन्दा अगाडिको अंशबन्डाको विषयमा अंशबन्डाको लिखत नभए तापनि व्यवहार प्रमाणबाट अंशबन्डा भएको भन्ने देखिनुपर्ने हुन्छ । त्यसका लागि एकासगोलको सम्पत्ति घरसारमा नरम गरम मिलाई अचल अंशबन्डा गरी छुट्टिई आफ्नो आफ्नो हिसाब भागशान्तिबमोजिम लिई पाई दर्ता दाखिल खारेजसमेत गराइसकेको वा बन्डाबमोजिम आफ्नो आफ्नो भागको अचल छुट्टाछुट्टै भोग गरेको भन्ने देखिनुपर्ने भन्ने देखिन्छ । सो अवस्थामा मात्र व्यवहार प्रमाणबाट अंशबन्डा भइसकेको भनी मान्नुपर्ने हुन्छ । अंशियारहरू अलगअलग बस्दै आएको र आ-आफ्नो दैनिक घर व्यवहार अलगअलग रूपमा गर्दै आएको भन्ने आधारमा मात्र अंशबन्डा भइसकेको भनी अर्थ गर्न नमिल्ने देखिन्छ । सो हुँदा वादी प्रतिवादीहरू अलगअलग बस्दै आ-आफ्नो घर व्यवहार गर्दै आएको भन्ने आधारमा निजहरूबिचमा लिखत कागज नभए तापनि व्यवहार प्रमाणबाट अंशबन्डा भइसकेको भन्ने अर्थ गरी फिराद दाबी पुग्न नसक्ने भनी गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत धनकुटाको फैसला मिलेको देखिन नआउने ।

आ-आफ्नो घर व्यवहार चलाई लामो समयदेखि अलगअलग रहँदै आएका वादी प्रतिवादीहरूबिच व्यवहार प्रमाणबाट अंशबन्डा भइसकेको भन्ने आधारमा फिराद दाबी पुग्न नसक्ने गरी भएको सुरू भोजपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत धनकुटाको मिति २०७२।११।१६ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी प्रतिवादीहरूले पैतृक सम्पत्तिमा समान रूपमा अंश पाउने हुँदा वादी प्रतिवादीहरूले पेस गरेको सम्पत्ति फाँटवारीअनुसारको सम्पत्ति ३ अंशियारहरू मदनकुमार खालिङ, लाखबहादुर खालिङ र राजु खालिङले नरम गरम मिलाई समान रूपमा पाउने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

**इति संवत् २०७७ साल पुस ७ गते रोज ३ शुभम् ।**

## इजलास नं.२

### ८

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-०२३७, उत्प्रेषण, *मनिषकुमार अग्रवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

रिट निवेदकले भूमिगत पाइपका माध्यमबाट सोमनाथ खोलामा पानी छोडिने प्रक्रियागत संरचना रहेको र हालसम्म पनि सोही प्रक्रिया अवलम्बन गरी आएको भन्ने रिट निवेदनमा उल्लेख गरेको देखियो । यस्तो अवस्थामा रिट निवेदकले उद्योगको पानी स्थानीय सोमनाथ खोलामा बगाइएको कुरामा विवाद रहेन । स्थलगत अनुगमन तथा निरीक्षणको प्रतिवेदनको निष्कर्षमा उद्योगले बर्सातको समयमा पोखरीको डिल खोली फोहोर पानीको भूमिगत पाइपमार्फत सोमनाथ नदीमा मिसाउने गरेको भन्ने उल्लेख गरेको देखिन्छ । सोमनाथ खोलामा बगाएको पानी फोहर पानी हो भन्ने निरीक्षण प्रतिवेदनलाई रिट निवेदकले अन्यथा भन्न सकेको अवस्था पनि देखिँदैन । वातावरण संरक्षणको लागि वातावरण प्रदूषण गर्ने फोहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ । सोभन्दा पनि उत्तम उपाय वातावरण प्रदूषण हुने खालका फोहोर नै हुन नदिनु हो । वातावरणीय न्यायको सन्दर्भमा समेत हिमाल, नदीनाला, वनजङ्गल र प्रकृतिको बाँच्न पाउने अधिकार हुन्छ उनीहरूको अखण्डतामा नोक्सान पारिने कार्यहरू कोही कसैबाट गरिनु नहुने ।

विद्यमान कैयन् कानूनहरूमा वातावरण संरक्षणसम्बन्धी व्यवस्था गरेको पाइन्छ । विशेष कानूनको रूपमा वातावरण संरक्षण ऐन, २०५३ जारी भई ऐनका प्रावधानहरूको कार्यान्वयनको लागि कार्यविधिगत व्यवस्थासहितको वातावरण संरक्षण नियमावली, २०५४ निर्माण भएको देखिन्छ । उक्त ऐनको दफा २(क) ले ***"वातावरण भन्नाले प्राकृतिक सांस्कृतिक र सामाजिक प्रणालीहरू, आर्थिक तथा मानवीय क्रियाकलापहरू र यिनका अवयवहरू तथा ती अवयवहरूको बिचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनुपर्छ ।"*** त्यस्तै दफा २(ख) ले प्रदूषण भन्नाले ***"वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनुपर्छ ।"*** **र दफा २(ग) ले संरक्षण भन्नाले *"वातावरण तथा राष्ट्रिय सम्पदाको सुरक्षा, स्याहार, सम्भार, संवर्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनुपर्छ"*** भन्ने उल्लेख भएको देखिन्छ । विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि, १९७१,

जैविक विविधतासम्बन्धी महासन्धि, १९९२ लगायत कैयन् वातावरण र जैविक विविधताको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूलाई नेपालले स्वीकार गरिसकेको उक्त सन्धिहरूको प्रावधानहरूलाई संरक्षण गर्ने सम्मान गर्ने परिपालना गर्ने दायित्व हाम्रो देश (नेपाल) को पनि हुने ।

नेपाल सरकारको अख्तियारप्राप्त निकायहरूले वातावरण संरक्षणका लागि कानूनसम्मत विधिको प्रयोग गरी वातावरण क्षय गर्ने उद्योगलाई Effluent Treatment Plant (ETP) को निर्माण गरेर मात्र उद्योग सञ्चालन गर्नु भनी भन्न र बयानका लागि उपस्थित गराउन सक्ने नै देखिन आयो । प्रचलित कानूनमा भएको वातावरण संरक्षणका लागि निर्वाह गर्नुपर्ने भूमिका एवं आफूले निर्वाह गर्नुपर्ने दायित्वमा केन्द्रित भई कानूनले निर्धारण गरेको वातावरण संरक्षणका मापदण्ड एवं सूचकहरूको पालना गर्न गराउन अख्तियारप्राप्त अधिकारीबाट भएका निर्णय र सोअनुसार जारी भएका पत्र कानूनको परिधिअनुरूप नै भएको देखियो । कानून कार्यान्वयन गर्ने अधिकारबाट कानूनले निर्धारण गरेको वातावरण संरक्षणका मापदण्ड पालना नगरेको भन्ने स्थलगत प्रतिवेदनका आधारमा निवेदकले पूरा गर्नुपर्ने दायित्व निर्वाह गराउने गरी भएका काम कारबाही र निर्णय उत्प्रेषणको आदेशले बदर गर्न नमिल्ने ।

अत: निवेदक उद्योगले फोहोर पानी स्थानीय सोमनाथ नदीमा मिसाई नदी फोहर हुन गएको र सो सम्बन्धमा Effluent Treatment Plant (ETP) को निर्माण गरेर मात्र उद्योग सञ्चालन गर्नु तथा बयानका लागि निवेदकलाई उपस्थित गराउने भनी नेपाल सरकार सचिव स्तरबाट मिति २०७२।२।२९ मा भएको निर्णयमा कुनै कानूनी त्रुटि नभएको वातावरणसम्बन्धी कानूनले निर्धारण गरेको मापदण्ड पालना गर्ने गराउने क्रममा भएका उक्त कार्यले रिट निवेदकको कुनै संवैधानिक र कानूनी हक अधिकार हनन भएको नदेखिएकाले नेपाल सरकार सचिव स्तरको मिति २०७२।२।२९ को निर्णय र सो निर्णयबमोजिम वातावरण विभाग, कुपण्डोल, ललितपुरबाट जारी भएको मिति २०७२।४।७ प.सं. ०७२।०७३ च.नं. ९ को पत्र कानूनअनुरूपकै देखिँदा उत्प्रेषणको आदेश जारी गरी बदर गरिरहन नपर्ने । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : सुदिपकुमार भट्टराई

कम्प्युटर : हर्क माया राई

**इति संवत् २०७७ साल माघ २९ गते रोज ५ शुभम् ।**

**९**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७६-CR-००५१, कर्तव्य ज्यान, *राजमले रोकाया वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी राजमले रोकायाको कारागार कार्यालय, काठमाडौंअन्तर्गत केन्द्र बन्दीगृहमा थुनामा रहेको अवस्थामा उपचारको क्रममा मिति २०७७।६।२६ मा मृत्यु भएको भन्ने बेहोराको कारागार कार्यालय, काठमाडौंले श्री

महानगरीय प्रहरी वृत्त, जनसेवा काठमाडौंलाई लेखेको मिति २०७७।६।२६ को पत्रको प्रतिलिपि मिसिल संलग्न रहेको देखिने।

मुद्दा विचाराधीन रहेको अवस्थामा प्रतिवादीको मृत्यु भएका के हुने भन्ने सम्बन्धमा भएको कानूनी व्यवस्था अध्ययन गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३(१) मा "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दाको अभियुक्त वा प्रतिवादीको मृत्यु भएका अदालतले त्यस्तो मुद्दा खारेज गरिदिनुपर्ने छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी प्रावधानले अपराधीको मृत्युपछि अपराधको पनि मृत्यु हुन्छ भन्ने फौजदारी न्यायको सिद्धान्तलाई आत्मसात गरेको देखिन्छ। अपराध गर्ने व्यक्तिको मृत्यु भएपछि निजलाई कसुर र सजायबाट समेत उन्मुक्ति दिनुपर्ने फौजदारी विधिशास्त्रको मान्यता रहने।

प्रस्तुत मुद्दाको फैसला हुनुअघि नै पुनरावेदक प्रतिवादी राजमले रोकायाको मिति २०७७।०६।२६ मा मृत्यु भइसकेको देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३(१) बमोजिम प्रस्तुत मुद्दा खारेज हुने।

इजलास अधिकृत : ध्रुवबहादुर कुँवर

कम्प्युटर : समी नेपाली

**इति संवत् २०७७ साल पुस १४ गते रोज ३ शुभम्।**

**१०**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-CR-१८६६, जबरजस्ती करणी, नेपाल सरकार वि. शेरबहादुर भन्ने पदमबहादुर मगर*

प्रस्तुत मुद्दामा जाहेरवाला साङ्केतिक नाम ०७५ बेलबारी १३, मौकामा कागज गर्ने साङ्केतिक नाम ०७५ बेलबारी १३ख र साङ्केतिक नाम ०७५ बेलबारी १३ग ले यी प्रतिवादी शेरबहादुर भन्ने पदमबहादुर मगरले बोल्न नसक्ने मानसिक सन्तुलन ठिक नभएकी पीडितलाई कोही नभएको मौका पारी धानबारीमा पल्टाई जबरजस्ती करणी गरेकोले कारबाही गरिपाउँ भनी आफ्नो जाहेरी दर्खास्त र मौकाको कागजमा खुलाई दिएको भए पनि निजहरूले प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम आफ्नो भनाइलाई पुष्टि हुने गरी अदालतमा उपस्थित भई बकपत्र गर्नुपर्नेमा आफ्नो मौकाको भनाइ समर्थन हुने गरी बकपत्र गरेको नदेखिँदा सुस्त मनस्थितिकी पीडित साङ्केतिक नाम ०७५ बेलबारी १३क लाई प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने अभियोग दाबी न्यायसम्मत नदेखिने। जाहेरवाला र मौकामा कागज गर्ने व्यक्तिहरूले करणीको वारदात नै नभएको भनी आफ्नो मौकाको भनाइको प्रतिकूल बेहोरा अदालतसमक्षको बकपत्रमा उल्लेख गरेको देखिँदा उपर्युक्त कानूनी व्यवस्थाअनुसार जाहेरवालाको आफ्नो जाहेरी दर्खास्त र घटना विवरणका व्यक्तिहरूको मौकाको कागजमार्फत व्यक्त गरेको कुरालाई मात्र प्रमाणमा लिन मिल्ने नदेखिने।

प्रतिवादी शेरबहादुर भन्ने पदमबहादुर

मगरले पीडित साङ्केतिक नाम ०७५ बेलबारी १३क लाई जबरजस्ती करणी गरेको पुष्टि नभइरहेको अवस्थामा प्रतिवादी शेरबहादुर भन्ने पदमबहादुर मगरलाई अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको उच्च अदालत विराटनगरको मिति २०७६।०३।२५ को फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : ध्रुवबहादुर कुँवर

कम्प्युटर : हर्कमाया राई

**इति संवत् २०७७ साल मङ्सिर ३ गते रोज ४ शुभम्।**

**११**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-CR-११९३, कर्तव्य ज्यान, नेपाल सरकार वि. पदमबहादुर थापा*

प्रस्तुत मुद्दामा निवेदकको दोस्रो निवेदन बेहोरा र प्रतिवादीको मौकाको आंशिक साबिती बयानबाहेक अन्य कुनै पनि स्वतन्त्र प्रमाणबाट प्रतिवादी पदमबहादुर थापामगरले मृतक तिला बुढामगरलाई कर्तव्य गरी मार्नमा प्रतिवादी हिराबहादुर बुढामगरलाई सहयोग र संयोग पारिदिएको भन्ने तथ्य स्थापित हुन आएको नदेखिँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी पदमबहादुर थापाले तिला बुढामगरलाई कर्तव्य गरी मार्नमा निजको संलग्नता थियो वा छ भनी मिसिल सम्बद्ध कागज प्रमाणबाट प्रमाणित नभए तापनि अर्का प्रतिवादी हिराबहादुर बुढामगरले आफ्नी श्रीमती तिला बुढामगरउपर प्रहार गर्दा प्रतिवादी पदमबहादुर थापामगर वारदात स्थलमै रही केही नगरी हेरिरहेको कुरा निजको अदालतको बयानबाट पुष्टि भइरहेको अवस्थामा निजलाई मतलबीसम्म ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम २ (दुई) वर्ष कैद हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुरको मिति २०७६।०६।०७ को फैसला कानूनसम्मत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ध्रुवबहादुर कुँवर

कम्प्युटर : हर्कमाया राई

**इति संवत् २०७७ साल मङ्सिर ३ गते रोज ४ शुभम्।**

## इजलास नं.३

**१२**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७२-CI-०४६१, जालसाजी, राजकुमार साह कानू वि. विसुन्दर पंडित*

आफूले नै बिक्री गरिसकेको गाउँ ब्लकको जग्गालाई वादी नगिना कुमारीसमेत र प्रतिवादी यिनै प्रतिवादी रामअगिया पंडितसमेत भएको २०६७ सालको दे.नं. १५०७ को अंश दर्ता मुद्दामा यी प्रतिवादीहरूमध्ये रामकुमारी देवी, राम अगिया पंडित र जानकीदेवीबिच मिति २०६७।४।२१ मा भएको मिलापत्रबाट विवादको कि.नं. ८४/१२३ को ०-०-७ जग्गामध्ये पश्चिम दक्षिण कुनाबाट ०-०-२ छोडी बाँकी पूर्वतर्फबाट ०-०-५ जग्गा प्रतिवादी

नगिना कुमारी र रामकुमारीका अंश भागमा पारिएको तथ्यमा विवाद रहेन । यसरी जति र जुनतर्फबाट आफूले यी पुनरावेदक वादीका बाबुलाई जग्गा बिक्री गरेको हो त्यति नै क्षेत्रफल र तर्फबाट यी प्रतिवादी रामअज्ञाले नगिना कुमारीसमेतलाई अंशबापत छुट्याइदिएको देखियो । जुन जग्गामा रामअज्ञाको हकै बाँकी छैन र सो जग्गा बाँकी छैन भन्ने जानीजानी सोही जग्गा अंश मुद्दाको मिलापत्रको माध्यमबाट प्रतिवादी नगिना कुमारीसमेतलाई दिइएकोलाई सद्दे साँचो व्यवहारबाट भएको मान्न नमिल्ने ।

मुलुकी ऐन, किर्ते कागजको महलअन्तर्गतका कार्यहरू फौजदारी प्रकृतिका हुन् र यसमा मनसाय तत्त्वको अहम् भूमिका हुन्छ । यस महलको ३ नं. ले, ***"अर्काको हक मेट्ने, हदम्याद तारिख जाने वा कुनै तरहसँग नोक्सान पार्ने इत्यादि जुनसुकै मतलबले होस नगरे नभएको झुट्टा कुरा गरे भएको हो भनी वा मिति अङ्क वा बेहोरा फरक पारी सहीछाप गरी गराई कागज बनाए वा बनाउन लगाएमा समेत जालसाजी गरेको ठहर्छ"*** भन्ने व्यवस्था भएबाट कसैको हक मेट्ने नोक्सान पार्ने, नभएको झुट्ठा कुरा गरे, कुनै कागज गरे गराउन लगाए सो कार्य जालसाजी हुने हुन्छ । यस मुद्दामा पनि प्रतिवादी रामअगिया (राम अज्ञा) ले आफूले २०२२ सालमै बिक्री गरी हक टुटिसकेको जग्गालाई वादीलाई नोक्सान पार्ने, निजको हक मेट्ने र आफ्नो हकै बाँकी नरहेको जग्गामा हक छँदै छ भनी प्रतिवादी नगिना देवीसमेतलाई अंश हक दिएको भनी दिने गरेको कार्य यसै नं. बमोजिम जालसाजीयुक्त आपराधिक कार्यभित्र पर्ने ।

मिति २०६७।०४।२१ मा रामकुमारीदेवी, राम अगिया पंडित र जानकीदेवीको बिचमा भएको मिलापत्र बदर हुने गरी मिति २०७१।१२।०८ मा भएको पुनरावेदन अदालत हेटौंडाको फैसला अन्तिम भएर रहेको भन्ने आधारमा वादीको फिराद दाबी पुग्न सक्तैन भनी रौतहट जिल्ला अदालतबाट मिति २०७१।१।१७ मा भएको फैसला केही उल्टी गरी प्रतिवादीहरूबिच भएको मिति २०६७।०४।२१ को मिलापत्र जालसाजी हुने ठहऱ्याई भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१२।८ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर : चन्दनकुमार मण्डल

**इति संवत् २०७६ साल पौष ४ गते रोज ६ शुभम् ।**

*यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैबमोजिम फैसला भएका छन् ।*

- ०७२-CI-०४६२, लिखत बदर, राजकुमार साह कानू वि. विसुन्दर पंडित
- ०७२-CI-०४६०, लिखत बदर, राजकुमार साह कानू वि. विसुन्दर पंडित
- ०७२-CI-०४५९, लिखत बदर, राजकुमार साह कानू वि. विसुन्दर पंडित

१३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-WO-१२९०, उत्प्रेषणयुक्त परमादेश, द्रोणबहादुर खनालसमेत*

*वि. दाङ देउखुरी जिल्ला अदालतसमेत*

मालपोत कार्यालय दाङबाट पारित अष्टलोहको लिखत बदर मुद्दा दाङ देउखुरी जिल्ला अदालतमा विचाराधीन रहेको अवस्थामा सो मुद्दालाई प्रत्यक्ष असर पर्ने गरी उच्च अदालतबाट भएको आदेश उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने निवेदन माग रहेकोमा विपक्षी धिरज खनालले निजको समेत हक लाग्ने सम्पत्ति निजलाई सूचना नदिई गुपचुप अष्टलोह लिखत गरिदिएको र सो लिखत बदर गर्नको लागि दाङ देउखुरी जिल्ला अदालतमा मुद्दा परी चालु रहेको अवस्थामा सो मुद्दालाई प्रभावित पार्ने गरी रिट दायर भएकोले खारेज हुनुपर्छ भनी लिखित जवाफमा उल्लेख गरेको देखियो । अन्य विपक्षीहरूले आफ्नो कार्यालय, अदालतबाट कानूनबमोजिमको काम भएकोले रिट निवेदन खारेज हुनुपर्छ भनी आ-आफ्ना लिखित जवाफमा उल्लेख गरेको पाइने।

प्रस्तुत रिट निवेदनको तथ्य हेर्दा मालपोत कार्यालयबाट अष्टलोह लिखत पारित गर्न नमिल्ने गरी भएको आदेश जिल्ला अदालतबाट बदर भएपछि अष्टलोहको लिखत पारित भएकोमा जिल्ला अदालतको आदेशउपर १७ नं.को निवेदन परी उच्च अदालतबाट जिल्ला अदालतको आदेश बदर भएको अवस्था देखिन्छ भने अर्कोतर्फ अष्टलोहको लिखत बदर गरी पाउनको लागि दाङ देउखुरी जिल्ला अदालतमा मुद्दा परी सो मुद्दा विचाराधीन अवस्थामा रहेको देखिने।

विपक्षी धिरज खनाल अ.बं.१७ नं.बमोजिमको निवेदन लिई उच्च अदालतमा जानुअघि नै पारित शेषपछिको बकसपत्र लिखत बदरको लागि जिल्ला अदालतमा गइसकेको देखिँदा पारित लिखतको अस्तित्वलाई स्वीकार गरेर लिखतलाई नै चुनौती दिई अदालत प्रवेश गरिसकेको अवस्थामा सो लिखत पारित हुने प्रक्रियाका सम्बन्धमा दरपिठ आदेश बदर गरेउपरको निवेदनसमेतको कुनै औचित्य रहँदैन । उच्च अदालतले लिखत पारित भई सो लिखत बदर मुद्दा परिरहेको अवस्थामा लिखत पारित हुन नपर्ने भनी निवेदनको रोहमा बोल्न सक्ने स्थिति हुँदैन । सो आदेशअनुरूपको कार्य नै सम्पन्न भइसकेको र विवादित विषय सोही लिखत बदर मुद्दाबाट नै निरूपण हुने हुँदा सो मुद्दालाई प्रभाव पार्ने गरी भएको उच्च अदालत, तुलसीपुरबाट भएको मिति २०७४।०१।१४ को आदेश त्रुटिपूर्ण देखिँदा उक्त आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत: खुमप्रसाद भण्डारी

कम्प्युटर : चन्दनकुमार मण्डल

**इति संवत् २०७६ साल कात्तिक ४ गते रोज २ शुभम्।**

**१४**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-०३०५, जबरजस्ती करणी, नेपाल सरकार वि. धिरेन्द्र ठाकुर*

पीडित नाम परिवर्तित ३१(०७३-०७४-०२) को नेपाली नागरिकतामा जन्ममिति २०५६।१०।१२ नै उल्लेख भएबाट पीडित

वारदातको समयमा १६ वर्ष उमेरको रहेको, जाहेरवालीको बकपत्रको स.ज.६ मा मेरी छोरी नाम परिवर्तितलाई प्रतिवादीले मेरो छोरीको सहमतिमा नै करणी गरेका हुन्। जबरजस्ती करणी भएको होइन भनी उल्लेख गरेको । पीडित स्वयंले बकपत्रमा आफूहरूबिच सहमति र सल्लाहमै शारीरिक सम्पर्क भई गर्भसमेत रहन गएको भनी उल्लेख गरेको । घटना विवरण कागज गर्ने मानिसहरू रविन दास, रेणु महतो र राम महर्जनसमेतले करणी भएको कुरा मौकामा सुनी थाहा पाएको हो भनी कागज गरेको र अदालतमा उपस्थित भई बकपत्र गर्दा राम महर्जनले स.ज.६ मा सहमतिमै करणी भएको कुरा पीडितबाट नै थाहा भएको हो भनी उल्लेख गरेबाट विद्यालय चारित्रिक प्रमाणपत्रमा जन्ममिति २०५८/१०/१२ देखिन आई वारदातका अवस्थामा पीडितको उमेर १६ वर्षभन्दा कम १४ वर्षभन्दा बढी रहेको देखिन आएको भनी प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ६ वर्ष कैद र सोही महलको १० नं. बमोजिम पीडितलाई ५०,०००/- क्षतिपूर्ति भराइदिने गरी मकवानपुर जिल्ला अदालतको मिति २०७३/१२/१७ को फैसलालाई नमिलेको भनी उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिएको हेटौंडा इजलासको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नदेखिने।

प्रतिवादीउपरको अभियोग दाबी पुष्टि हुन आएको नदेखिँदा प्रतिवादीलाई आरोपित कसुरमा कसुदार ठहऱ्याउन मिल्ने नदेखिने । स्थानीय पञ्जिकाधिकारीबाट जारी पीडितको जन्मदर्ता प्रमाणपत्रको आधारमा पीडितको जन्ममिति २०५६।१०।१२ कायम भएको र सोहीअनुरूपको जन्ममिति कायम भएको पीडितको नेपाली नागरिकताको प्रमाणपत्रसमेत मिसिल सामेल रहिरहेको देखिँदा बालन्याय (कार्यविधि) नियमावली, २०६३ को दफा १५ ले विद्यालयको चारित्रिक प्रमाणपत्रलाई भन्दा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिलाई अघिल्लो प्राथमिकताक्रममा राखेको अवस्थामा जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिलाई मान्यता नदिई उमेर पुगेका यी पीडित र प्रतिवादीबिचमा सहमतिमा करणी भएको प्रमाणित भइरहेको अवस्थामा जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ६ वर्ष कैद र ऐ. को १० नं. बमोजिम रू. ५०,०००/- क्षतिपूर्ति भराउने गरी भएको सुरू मकवानपुर जिल्ला अदालतको मिति २०७३/१२/१७ को फैसला मिलेको नदेखिँदा उल्टी गरी प्रतिवादी धिरज भन्ने धिरेन्द्र ठाकुरले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७५।१।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : विकास बस्नेत

कम्प्युटर : चन्दनकुमार मण्डल

**इति संवत् २०७७ साल जेठ १८ गते रोज १ शुभम्।**

## इजलास नं.४

### १५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७५-CR-१५९९, *०७५-CR-१८८२, कर्तव्य ज्यान, नेपाल सरकार वि. भिमबहादुर सुनार, भिमबहादुर सुनार वि. नेपाल सरकार*

मृतकसँग विवाद भएको, दुवैजना नसामा रहेको आफ्नो कर्तव्यकै कारण मृतक सन्तोष साह दोस्रो तलाबाट झरी, खसी भुइँमा ठोकिई मृत्यु भएको कुरा प्रतिवादीले अदालतका बयानमा स्वीकार गरी बयान गरेको पाइन्छ । घटनाका प्रत्यक्षीदर्शी बुझिएका व्यक्तिहरूको मौकाको कागजबाट साँझको खाना मृतक प्रतिवादीहरूले ८:३० मा खाएपछि सुत्न लागेको समयमा मृतक र प्रतिवादीका बिच विवाद सुरू भई वारदात ९:३० मा भएको भन्ने देखिन्छ । विवाद सुरू भएको १ घण्टाभित्रै घटना भएको भन्ने देखियो । विवाद सिर्जना भएको समय र वारदातको समयको अन्तराल लामो देखिएको छैन । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा **"उसै मौकामा उठेको रिस थाम्न नसकी"** भन्ने शब्द प्रयोग भएको देखिँदा विवाद भएको समय र घटना भएको समयसमेतलाई हेर्नुपर्ने हुन्छ । घटनामा प्रतिवादीको ज्यान मार्ने मनसाय नभएको, ज्यान लिनुपर्नेसम्मको पूर्वरिसइवी रहेको नदेखिएको, प्रतिवादीले ज्यान मार्ने उद्देश्यले षड्यन्त्र, योजना र तयारी गरेको नदेखिए पनि आफूले गरेको कार्यबाट मानिस मर्न सक्छ भन्ने परिणामको ज्ञान प्रतिवादीलाई भएको, उक्त कार्य गर्दा उचित सतर्कता र सावधानीसाथ गरिएको हो भन्ने कुरा प्रतिवादीले प्रमाणित गर्न नसकेको, नसामा रहेको अवस्थामा स्वाभाविक रूपले मानिस केही उत्तेजित हुने भएकाले मृतकसँगको तत्काल रक्सीको नसामा भनाभन वादविवाद भएको, मृतकले समेत गाली गलौज गरी हातपात गर्न खोजेको अवस्थामा प्रतिवादी आवेशमा आई आत्म नियन्त्रण गर्न नसकी मृतक र प्रतिवादी धकेला धकेल हुँदा दोस्रो तलाबाट खसी मृत्यु भएको तथ्य मिसिल संलग्न कागजातबाट देखिन आएको हुँदा मृतक र प्रतिवादीबिच तत्काल, वादविवाद झै-झगडा हुँदा प्रतिवादीले आत्मसंयम गुमाएको अवस्थामा घटना भएको भन्ने घटनाको परिवेश, प्रकृतिबाट देखिएकाले प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा वर्णित तत्त्वहरूसँग मिल्न आएको देखियो। यस अवस्थामा प्रतिवादीलाई आवेशप्रेरित हत्याको कसुरदार ठहर गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहऱ्याएको उच्च अदालत पोखरा बाग्लुङ इजलासको फैसला अन्यथा नदेखिने।

अत: प्रतिवादीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिमको कसुरमा ऐ. को १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको पर्वत जिल्ला

अदालतको मिति २०७५।३।१४ को फैसलालाई उल्टी गरी प्रतिवादीले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं. अन्तर्गत आवेशप्रेरित हत्याको कसुर गरेको ठहऱ्याई प्रतिवादी भिमबहादुर सुनारलाई १० वर्ष कैदको सजाय गर्ने गरेको उच्च अदालत पोखरा, बाग्लुङ इजलासको मिति २०७५।९।१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादीको र वारदात भवितव्य हुँदा सोतर्फ इन्साफ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : मदन पराजुली

कम्प्युटर : देवीमाया खतिवडा (देविना)

**इति संवत् २०७७ साल असार ३० गते रोज ३ शुभम्।**

१६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७६-WO-०५००, *उत्प्रेषण परमादेशसमेत, अशोककुमार सिंहसमेत वि. श्रीप्रसाद साहसमेत*

कर्मचारी समायोजनसम्बन्धी सूचनामा निवेदकहरूले आफू कार्यरत रहेकै छैठौं तह जनस्वास्थ्य निरीक्षक पदमा समायोजन गरी पदस्थापन गरी पाउन निवेदन गरेको र आफूले काम गरिरहेको पदनामअनुसार नै समायोजन हुने पदमा पनि सोही पदनाम हुनुपर्ने भन्नेसम्म प्रस्तुत निवेदनमा दाबी लिएको, निवेदकमध्येका अशोककुमार सिंहले पुनरावेदन अदालत पाटनको मिति २०६६।५।१७ को फैसला र स्वास्थ्य सेवा विभागको मिति २०६६।१२।१५ को निर्णयबमोजिम अधिकृत छैठौं जनस्वास्थ्य निरीक्षकको पदनाम प्राप्त गरेको, अर्का निवेदक श्री प्रसाद साहले पुनरावेदन अदालत पाटनको मिति २०६७।७।१७ को फैसला तथा स्वास्थ्य सेवा विभागको मिति २०६७।१०।२४ को निर्णयानुसार अधिकृत छैठौं जनस्वास्थ्य निरीक्षकको पदनाम प्राप्त गरी सोही पदमा कार्यरत गरेको देखिँदा निवेदकको पदनाम साबिकबमोजिमकै हुने गरी समायोजन गर्दा आवश्यक व्यवस्था मिलाउनुपर्ने नै देखियो। निवेदकहरू दुवैजना नेपाल स्वास्थ्य सेवाबाट सोही सेवा समूहमा समायोजन भएको भन्ने देखिएको छ। निवेदकहरू जुन पदनाममा कार्यरत रहेको भन्ने अभिलेखमा समेत जनिएको छ ऐनबमोजिम सोही पदनाममा समायोजन गरिनुपर्छ। निवेदकहरूले अदालतमा निवेदन गरी कार्यरत रहेको पदनाम प्राप्त गरेको छन्। प्रचलित कानूनले गरेको व्यवस्थाबमोजिम कर्मचारीले निवेदनमा माग गरेको पदनाम प्राप्त गर्न सक्ने हो, होइन ? अदालतले हेरीबुझी कानूनबमोजिम आदेश गरेको हुन्छ। यस्ता कर्मचारीहरूलाई कार्यरत रहिरहेको पदनामभन्दा छुट्टै पदनाम दिई समायोजन गरिनु निज कर्मचारीले अदालतहरूबाट फैसला भई प्राप्त गरेको पदनाममा प्रश्न उठ्न सक्छ, जुन कानूनतः नमिल्ने।

अतः निवेदकहरूको पदनामसम्म फरक पारी समायोजन गर्ने गरेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (सचिव स्तर) को मिति

२०७६।५।१३ को निर्णय र निवेदकहरूले प्राप्त गरेको समायोजनको पत्र निवेदकहरूको हकमा सम्म उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब निवेदकहरूलाई साबिकबमोजिमकै जनस्वास्थ्य निरीक्षक पदनाम उल्लेख गरी निवेदकहरूले प्राप्त गरेको समायोजन पत्र संशोधन गरी समायोजन गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः मदन पराजुली

कम्प्युटर : राधिका घोरासाइने

**इति संवत् २०७६ साल चैत्र ३ गते रोज २ शुभम्।**

## इजलास नं.५

१७

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री पुरूषोत्तम भण्डारी**, *०७६-WO-०२१६, उत्प्रेषण, परमादेशसमेत, अधिवक्ता सुरेन्द्रप्रसाद कोइराला वि. त्रिभुवन विश्वविद्यालय, उपकुलपतिको कार्यालय, कीर्तिपुरसमेत*

निवेदक सुरेन्द्रप्रसाद कोइरालाले प्राप्त गरेका केही शैक्षिक योग्यताका प्रमाणपत्रमा अनुचित तवरबाट प्राप्ताङ्क तलमाथि गरेको भन्ने सम्बन्धमा उजुरी परेको, सो सम्बन्धमा छानबिन गर्न प्रा. अनुपकुमार श्रेष्ठको संयोजकत्वमा समिति गठन भएको, समितिले छानबिन गरी प्रतिवेदन पेस गरेको, यसै विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अनुसन्धान, छानबिन भई विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भई विचाराधीन रहेको भन्नेसमेतका तथ्यगत कुराहरू प्रस्तुत हुन आएको पाइयो। यसै सन्दर्भलाई लिएर त्रिभुवन विश्वविद्यालय परीक्षा सञ्चालक समितिले मिति २०७६/४/३ मा निवेदकको शैक्षिक प्रमाणपत्र रद्द गर्ने निर्णय गरी सोसम्बन्धी सूचना गोरखापत्रमा प्रकाशित गरेकोसमेत देखिन आयो। आफ्नो शैक्षिक प्रमाणपत्रहरू रद्द गर्ने निर्णय गर्दा सुनुवाइको मौका नदिएको भनी निवेदकले प्रश्न उठाई प्रस्तुत रिट निवेदन गरेको देखियो। लिखित जवाफलगायतका पेस हुन आएका कागज प्रमाणबाट विपक्षी त्रिभुवन विश्वविद्यालय, परीक्षा सञ्चालक समितिले मिति २०७६/४/३ मा निवेदकको शैक्षिक प्रमाणपत्र रद्द गर्ने निर्णय गर्नुपूर्व निवेदकलाई सो सम्बन्धमा प्रतिवादको मौका वा सुनुवाइको अवसर दिएको भन्ने देखिन नआउने।

नि:सन्देह भएको वास्तविक तथ्य लोप गरी वा हेरफेर गरी गलत तवरबाट कुनै पनि तहको शैक्षिक प्रमाणपत्र प्राप्त गर्ने कार्य अनुचित, आपत्तिजनक र भ्रष्टाचारजन्य कार्य हुन जाने। यस प्रकारको प्रवृत्तिलाई कुनै प्रकारबाट छुट दिन सकिँदैन, छुट दिनु हुँदैन। गलत वा झुट्टा विवरण उल्लेख गरी यदि कसैले कुनै प्रमाणपत्र प्राप्त गरेको छ भने पनि त्यसले मान्यता पाउन सक्तैन। त्यसैले बनावटी, झुट्टा वा जालझेलपूर्ण तबरवाट कसैले कुनै प्रमाणपत्र प्राप्त गरेको देखिन आएको अवस्थामा सम्बन्धित (अधिकारप्राप्त) निकायले त्यस्तो प्रमाणपत्रलाई मान्यता नदिन वा रद्द गर्न सक्ने नै

हुन्छ। यस हदमा कुनै शंका गर्नुपर्ने, द्विविधा मान्नुपर्ने वा अलमलिनुपर्ने कुनै उचित कारण देखिँदैन । तसर्थ, यस हदमा थप विवेचना गरिरहनु आवश्यक देखिँदैन। तर यसको तात्पर्य कुनै पनि सार्वजनिक निकायले व्यक्तिको हक, अधिकार जोडिएको विषयमा निर्णय गर्दा विवेकपूर्ण, विधिसम्मत र स्वच्छ तवरबाट गर्नु वाञ्छनीय हुन्छ । अधिकार भएकै निकायले आफ्नो अधिकारक्षेत्रभित्रको विषयमा निर्णय गर्दासमेत विधि र पद्धतिको अनुशरण गर्नु आवश्यक हुन्छ; अधिकार छ भन्दैमा जथाभावी निर्णय गर्न मिल्दैन। प्रत्येक अधिकारसँग कुनै न कुनै रूपमा उत्तरदायित्व पनि जोडिएर रहेको हुन्छ । त्यसैले अधिकारको कुरालाई मात्र निरपेक्ष रूपमा हेरेर निर्णयको वैधता प्रमाणित हुन नसक्ने।

उल्लिखित कुराहरूको परिप्रेक्ष्यमा निवेदक सुरेन्द्रप्रसाद कोइरालाको शैक्षिक उपाधिसम्बन्धी केही प्रमाणपत्र रद्द गर्ने गरी विपक्षीहरूबाट भए गरिएका काम कारबाहीका सम्बन्धमा हेर्दा परीक्षा सञ्चालक समितिले मिति २०७६/४/३ मा निर्णय गर्नुपूर्व निवेदकलाई प्रतिवाद वा सुनुवाइका लागि कुनै अवसर प्रदान गरेको देखिएन । निर्णयको स्वच्छता र न्यायको प्रत्याभूतिका लागि असर पर्ने पक्ष (व्यक्ति) लाई सो सम्बन्धमा सुनुवाइको उचित अवसर प्रदान गर्नु आवश्यक हुन्छ । प्राकृतिक न्यायको सिद्धान्तका दृष्टिले यसरी सुनुवाइको अवसर दिने कुरालाई एक महत्त्वपूर्ण र अनिवार्य सर्तको रूपमा लिने गरिन्छ । सुनुवाइको उचित अवसर प्रदान नगरी भएका निर्णयहरू स्वेच्छाचारी हुन पुग्ने सम्भावना रहन्छ भन्ने मानिन्छ । त्यस प्रकारका निर्णयले कानूनी वैधता प्राप्त गर्न सक्तैन । प्रशासनिक प्रकृतिका व्यक्तिको हक अधिकारसँग सम्बन्धित कुरामा निर्णय गर्दाको अवस्थामा पनि सद्विवेकको प्रयोग गर्नुपर्ने, निर्णय प्रक्रियामा स्वच्छता कायम राख्नुपर्ने, सुनुवाइको मौका दिनुपर्ने तथा प्रवृत्त धारणा राखी निर्णय गर्न नहुने भनी यस अदालतबाट समय-समयमा व्याख्या, विवेचना गरी सिद्धान्त कायम गरिएका पनि छन् । वस्तुतः उल्लिखित कुराहरू स्थापित न्यायिक मान्यताका विषय पनि हुन् । न्यायिक कारबाहीको सन्दर्भमा यी कुराहरूको अनुशरण गरिएको अवस्थाको परीक्षण गर्ने कुरा अपेक्षित रहने।

निवेदकका यिनै विवादित प्रमाणपत्रको विषयलाई लिएर विशेष अदालतमा भ्रष्टाचारसम्बन्धी मुद्दा चलेको हुँदा सो मुद्दा किनारा नलागुञ्जेलसम्म प्रमाणपत्र रद्द गर्ने निर्णय गर्नु हुँदैन भन्नेसमेत निवेदकको तर्फबाट जिकिर प्रस्तुत हुन आएको पाइयो। न्यायिक प्रक्रियामा रहेका विषयमा असर पर्ने गरी सो विवादको टुङ्गो नलाग्दै अन्य निकायबाट निर्णय गर्नु न्यायिक मान्यताअनुकूल हुँदैन । तर यसको तात्पर्य कुनै विषयले न्यायिक प्रक्रियामा प्रवेश पाएको छ भन्दैमा सोसम्बन्धी समग्र विषयमा अनिर्णयको अवस्थामा (यथास्थितिमा) रहनु पर्दछ भन्ने पनि होइन । यस कुराको एउटा दृष्टान्तको रूपमा प्रस्तुत विवादलाई पनि लिन सकिन्छ । प्रमाणपत्र गलत, झुट्टा वा जालझेलबाट तयार

गरिएको, परीक्षाफलका प्राप्ताङ्क विवरण हेरफेर गरिएको, शैक्षिक अनियमितता गरिएको जस्ता काम कुरा र भ्रष्टाचारको कुरा उही, उस्तै वा पर्यायवाची कुरा होइनन् । शैक्षिक अनियमिततासम्बन्धी कुनै कुरा भ्रष्टाचारजन्य कार्य ठहरिन सक्तछ भने कुनै अनियमिततालाई भ्रष्टाचारको कसुर मान्न नमिल्ने अवस्था पनि रहन सक्ने ।

यो तथ्यगत सन्दर्भमा निरूपण हुने कुरा हो । कुनै शैक्षिक प्रमाणपत्र शैक्षिक मर्यादाका दृष्टिले कायम नरहन (रद्द) हुन सक्तछन्, तर ती सबै कुराहरू भ्रष्टाचारको कसुरजन्य कार्य नै ठहरिनु पर्दछ भन्ने हुँदैन । अदालतमा चलेको भ्रष्टाचार मुद्दा किनारा लाग्न कतिपय अवस्थामा अपेक्षाकृत लामो समय पनि लाग्न सक्तछ । यो अवधिसम्म नक्कली, झुट्टा, बनावटी जे जे भए पनि प्रमाणपत्र रद्द गर्न हुँदैन, त्यसको प्रयोग वा उपयोग गर्न वा लाभ प्राप्त गर्न पाइरहनु पर्दछ भन्नु तर्कपूर्ण हुँदैन । त्यसैले प्रमाणपत्र सही सद्दे तवरबाट तयार भएको हो वा होइन भन्ने जस्ता कुराहरूको निरूपणका लागि सम्बन्धित शैक्षिक संस्थाका अख्तियारप्राप्त निकायले कानूनबमोजिम निर्णय गर्न भ्रष्टाचार मुद्दामा हुने अन्तिम फैसलाको प्रतिक्षा गर्नुपर्दछ भन्नु उचित नदेखिने ।

अतः निवेदक सुरेन्द्रप्रसाद कोइरालाको शैक्षिक योग्यताको प्रमाणपत्र रद्द गर्ने गरी त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयले मिति २०७६/४/३ मा निर्णय गर्दा निवेदकलाई कुनै प्रकारको सुनुवाइको मौका प्रदान गरिएको देखिएन । व्यक्तिको हकहित प्रतिकूल निर्णय गर्नुपूर्व सुनुवाइको मौका प्रदान गर्नु प्राकृतिक न्यायको सिद्धान्तअनुसार आवश्यक हुन्छ । विवादित निर्णय प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल देखिँदा उक्त मिति २०७६/४/३ को निर्णय उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब निवेदक सुरेन्द्रप्रसाद कोइरालालाई सुनुवाइको उचित अवसर प्रदान गरी; निजको कुनै जिकिर भए सोसमेतको मूल्याङ्कन र विवेचना गरी; अरू थप कुनै कुरा बुझ्नुपर्ने भए सोसमेत बुझी; निजको शैक्षिक योग्यताको प्रमाणपत्र रद्द गर्नुपर्ने वा नपर्ने सम्बन्धमा कानूनबमोजिम पुनः निर्णय गर्नु भनी विपक्षीका नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत : रूद्रप्रसाद अर्याल

कम्प्युटर : मन्दिरा रानाभाट

**इति संवत् २०७६ साल फाल्गुण २२ गते रोज ५ शुभम् ।**

**१८**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७२-CI-१४५५, धर्मलोप, पूर्णमान श्रेष्ठसमेत वि. रत्नदेवी श्रेष्ठसमेत*

प्रत्यर्थी/प्रतिवादीहरू वीरगन्जमा बसोबास गरी बसी नित्य पूजा नगरेको र जोसुकैले पनि निर्वाध पूजाआजा दर्शन गर्न पाउनुपर्नेमा सो नगरी धर्मलोप हुने कार्य गरेको भनी वादी दाबी रहेतर्फ विचार गर्दा यो गुठी विशेष पर्व पूजा गराउने मनसायले राखेको निजी गुठी देखिन्छ, कुल देउताको पूजा गर्ने र देवालीसमेत मान्ने उद्देश्यले स्थापना भएको हुँदा जोसुकैले पनि निर्वाध पूजाआजा दर्शन गर्न

पाउनुपर्ने वा सबैको लागि खुल्ला हुने प्रकृतिको समेत देखिँदैन । शिलापत्रमा गुठी मन्दिर कसरी सञ्चालन हुनेबारेमा प्रस्ट रूपमा सर्त तथा निर्देशन उल्लेख गरेकोमा सोअनुसार नगरी शिलालेखलाई नै अरूले देख्न पढ्न नसकुन् भनी प्लाष्टिकको पानीको ट्याङ्कीले छोपी स्वरूप नै बिगारेको भन्ने सम्बन्धमा शिलापत्र पढ्न नछोपिने गरी नित्य पूजा एवं चाडबाडको लागि पानीको आवश्यकता पूर्ति गर्न ट्याङ्की राखिएको हो, घर जीर्ण भएका कारण गुठीघर अगाडि जमिनमा राखिएको हो भन्ने जिकिरसँग पनि असहमत हुनुपर्ने अवस्था देखिँदैन। गुठीलाई व्यवस्थित र सबैको सहभागितामा सञ्चालन गर्न सबैलाई गुठीमा सहभागी गराई गुठियारहरूबिच कामको बाँडफाँट गरेको देखिन्छ । देवाली सिठी नखःलाई रोहितकुमार श्रेष्ठले, कृष्णाष्टमी सुशिल श्रेष्ठले दशैं कृष्णमान श्रेष्ठले, पाहाँ चह्रे राधाकृष्ण श्रेष्ठले र नित्यपूजा सरोज श्रेष्ठले गर्ने भनी वार्षिक रूपमा सिठी नखःलाई रू.११,०००।-, श्रीकृष्णाष्टमीलाई रू.१०,०००।-, दशैंलाई रू.१४,०००।-, पाहाँ चह्रेलाई रू.९,०००।- र नित्यपूजालाई रू.७,०००।- छुट्याई गुठी चलाई आएको भनी प्रतिवादीले भनेको कुरालाई वादीले होइन भनी भन्न सकेको छैन । गुठीको आम्दानीको स्रोतको रूपमा रहेको १६ पसल कवलहरू बहालमा लिने व्यक्तिहरू भुपाल दास श्रेष्ठ, श्रीराम श्रेष्ठलगायत बहालमा बस्ने व्यक्तिहरूसँग लामो समयसम्मको मुद्दा अन्त्य गरी गुठीको बहाल रू.१००।- बाट मासिक रू.२,८००।- हुने र गुठीको लागि बहालवालाहरूले एकमुष्ट रू. २७,५०,०००।- को अक्षयकोष खडा गरी राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरिसकेको भन्ने बेहोरालाई पुनरावेदकतर्फबाट अन्यथा भन्न सकेकोसमेत पाइँदैन । पुनरावेदक / वादीका साक्षी इन्द्रबहादुर तामाङले आफूले गरेको बकपत्रमा प्रतिवादीहरूले धर्मलोप गरेको होइन भनी लेखाएको बेहोराबाट समेत वादी दाबी समर्थित नभई खण्डित भइरहेको अवस्थामा वादी दाबी नपुग्ने गरी सुरू तथा पुनरावेदन अदालतबाट भएको फैसलामा अन्यथा भयो भनी भन्न सक्ने अवस्था नदेखिने।

तसर्थ, प्रत्यर्थी / प्रतिवादीहरूलाई गुठीबाट हटक गरी धर्मलोप ठहर गरी सजाय गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६९/०३/११ मा भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७०/०५/०९ को फैसला कानूनसम्मत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : माधवप्रसाद लोहनी

कम्प्युटर : विजय खड्का

**इति संवत् २०७७ साल मङ्सिर २६ गते रोज ६ शुभम्।**

**१९**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०६८-CI-१३५७, करारबमोजिम रकम उपलब्ध गराइपाऊँ, राजेश भण्डारी वि. दुर्गा देवी खनाल*

पुनरावेदन अदालत पाटनले फैसलामा

वादीले पेस गरेको उद्योग खरिद बिक्रीको सम्झौता-पत्रको कागज र मिति २०५४/०४/२५ को कागजबाट प्रतिवादीले वादीलाई क्रमश: रू.१२,५०,०००/- र रू.१४,८४,०००/- गरी जम्मा रू.२७,३४,०००/- साँवा रकम कायम गरेको देखियो । उल्लिखित मिति २०५४/०४/२५ को कागज हेर्दा मिति २०५४/०१/०२ को सम्झौताको सर्त १ बमोजिम कायम मूल्य रू.१२,५०,०००/- का सन्दर्भमा उक्त उद्योगमा भएको मौज्दात काठ तथा काठबाट निर्मित झ्याल, ढोका, चौकस, फर्निचर आदि तथा मेसिन यन्त्र औजारहरू तथा तिनका चल्तीको होलसेल मूल्यले रू.१४,८४,०००/- हुन आएको हिसाबको विवरण रहेको र उद्योग एकमुष्ट खरिद गरेबापत दुवै पक्षको सहमतिमा उद्योग, चिरान काठ, फर्निचर शेड तथा मेसिनसमेतको कुल मूल्य रू.१२,५०,०००/- (बाह्र लाख पचास हजार) कायम गरी सम्झौतासमेत भएको बेहोरा प्रमाणित गरिदिएको छु भनी प्रतिवादी राजेश भण्डारीले एकतर्फी रूपमा मात्र सहीछाप गरिदिएको कागज देखियो । उक्त मिति २०५४/०४/२५ को लिखत छुट्टै नभई मिति २०५४।०१।०२ को सम्झौताअन्तर्गतको रू.१२,५०,०००/- भित्र के के पर्ने हो भनी प्रमाणित गरिदिएको कागजसम्म भएको देखियो । २०५४/०४/२५ को कागजमा दुवै पक्षको सहमति नभई केवल कम्पनीमा रहेको सामानहरूको चलन चल्तीको होलसेल मूल्यले हुन आएको हिसाब प्रमाणित गरेको देखिन्छ । प्रस्तुत कागजमा प्रत्यर्थी/वादीको सही नभइरहेको अवस्थामा उक्त कागजबमोजिमको पैसा पनि तिर्नुपर्छ भन्न मिल्दैन । यो छुट्टै रूपको लेनदेनको लिखत नभएको अवस्थामा यसलाई समेत साँवामा हिसाब गरेको पुनरावेदन अदालतको उक्त फैसला सो हदसम्म मिलेको नदेखिने ।

मिति २०५४/०१/०२ को सम्झौताको सर्त नं.३ बाट "उद्योग सञ्चालनसम्बन्धी सम्पूर्ण अधिकार" सोही मितिदेखि यी पुनरावेदकमा सरेको र निजले भोगाधिकार ग्रहण गरेको देखियो । सम्झौताअनुसार उद्योगको मूल्य रू.१२,५०,०००/- कायम भएको देखिन्छ । सो रकम यी पुनरावेदक / प्रतिवादी राजेश भण्डारीले प्रत्यर्थी / वादी दुर्गा देवी खनाललाई भुक्तान गर्नुपर्नेमा गरेको भन्ने देखिन आएन । उद्योग सञ्चालन गर्ने कार्य स्वीकार गरी आफूले ग्रहण गरिसकेको करारको सर्तबमोजिमको रकम रू.१२,५०,०००/- यी पुनरावेदक / प्रतिवादीले प्रत्यर्थी / वादीलाई दिनुपर्ने तथ्यमा विवाद देखिएन तर सो रकम भुक्तान गरेको पाइएन । कानूनले तोकेको दर १०% भन्दा बढी ब्याज लिन पाउने कुरा पनि नभएको ।

तसर्थ, पुनरावेदक / प्रतिवादी र प्रत्यर्थी / वादीबिच मिति २०५४/०१/०२ मा भएको उद्योग खरिद बिक्रीको सम्झौता-पत्रको सर्त बन्देजबमोजिम साँवा रू.१२,५०,०००/- (अक्षरेपी रू. बाह्र लाख पचास हजार) र सोको ब्याजबापत सयकडा दश प्रतिशतले हुने अधिकतम दश वर्षको रू.१२,५०,०००/- (अक्षरेपी रू. बाह्र लाख पचास हजार) गरी कुल रकम रू.२५,००,०००/-

(अक्षरेपी रू. पच्चिस लाख) मात्र प्रत्यर्थी / वादीले पुनरावेदक / प्रतिवादीबाट भराई लिन पाउने ठहर गर्नुपर्नेमा २०५४/०४/२५ को सामानको मूल्य उल्लेख गरेको कागजमा उल्लिखित रकमसमेतलाई हिसाब गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६८/०७/२७ गतेको फैसला कानूनसम्मत मिलेको नदेखिँदा उल्टी हुने भई प्रत्यर्थी / वादी दुर्गा देवी खनालले पुनरावेदक / प्रतिवादी राजेश भण्डारीबाट साँवा ब्याज गरी जम्मा रू.२५,००,०००/- (अक्षरेपी रू. पच्चिस लाख) भरिपाउने।

इजलास अधिकृत : माधवप्रसाद लोहनी

कम्प्युटर : मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल मङ्सिर २२ गते रोज २ शुभम्।**

**इजलास नं.६**

**२०**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशकुमार ढुङ्गाना,** *०६९-RB-०००८, करार ऐन, २०५६ को दफा ८७(२) बमोजिम उपयुक्त आदेश जारी गरिपाऊँ, गजेन्द्रकुमार ठाकुर वि. सन्तोषकुमार गुप्ता*

क्षेत्रीय प्रशासन कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विकास समितिको कार्यालयसमेतका पत्र बेहोरा र प्रत्यर्थी निवेदकले जिल्ला विकास समितिमा दिएको निवेदनसमेतलाई हेर्दा राजमार्ग क्षेत्रमा ढाट राखी सवारी कर सङ्कलन गर्ने सम्बन्धमा पुनरावेदक र प्रत्यर्थीबिच भएको ठेक्का कबुलियतबमोजिम प्रत्यर्थी कन्स्ट्रक्सनबाट राजमार्ग क्षेत्रमा ढाट राखी कर सङ्कलन गर्न पाएको भन्ने देखिँदैन। त्यसैगरी ठेक्का कबुलियतबमोजिम प्रत्यर्थी कन्स्ट्रक्सनबाट कुनै सवारी कर उठाउन नपाएकोले ठेक्का बदर गरिपाउँ भनी प्रत्यर्थीले पुनरावेदक कार्यालयसमक्ष मिति २०६८।८।१ मा दिएको निवेदनको टुङ्गो लागी यस किसिमको निर्णय भइसकेको छ भनी पुनरावेदक कार्यालयको तर्फबाट बहसका क्रममा उपस्थित विद्वान् उपन्यायाधिवक्ताबाट यथेष्ट प्रमाणसमेत देखाउन सकेको देखिँदैन । यसरी प्रत्यर्थी कन्स्ट्रक्सनबाट पुनरावेदक कार्यालयमा ठेक्का कबुलियत बदर गरिपाउँ भनी दिएको निवेदनको टुङ्गो नलगाई पुनरावेदक कार्यालयबाट प्रत्यर्थीले राखेको जमानीको रकम असुल गर्नका लागि कृषि विकास बैंकमा पत्राचार गरेको कार्य निजहरूबिच मिति २०६८।३।३१ मा भएको ठेक्का कबुलियतनामाबमोजिम भएको रहेछ भनी मान्न नमिल्ने।

जहाँसम्म पुनरावेदक विपक्षीले पुनरावेदन पत्रमा प्रत्यर्थी कन्स्ट्रक्सनले नियमित सवारी कर सङ्कलन गरेको भनी जिकिर लिई जिल्ला विकास समितिको कार्यालय पर्साको मिति २०६८।११।२२ का रसिदहरूको मिति २०६९।४।२८ मा प्रमाणित गरिएका प्रतिलिपिहरू यस अदालतको मिसिलमा संलग्न गरेको देखिए पनि उक्त रसिदहरूको बारेमा पुनरावेदकले सुरू

अदालतमा आफ्नोतर्फबाट लिखित जवाफ पेस गर्दा तथा बहसको क्रममा समेत सो विषय उठाएको भन्ने देखिँदैन । प्रत्यर्थी कन्सट्रक्सनका तर्फबाट इजलासमा बहसको क्रममा कर सङ्कलनका लागि छापिएका सक्कल रसिदहरू आफूसँगै रहेकोले आफूले कर सङ्कलन गर्न नपाएको भनी इजलाससमक्ष सक्कल रसिदहरूसमेत देखाएको हुँदा यस सम्बन्धमा पुनरावेदक र प्रत्यर्थीबिच मिति २०६८।३।३१ मा भएको कबुलियतनामाको प्रकरण ७ को बेहोरालाई पनि हेर्नुपर्ने देखियो। उक्त प्रकरणमा "..**सवारी कर सङ्कलन कर्ताले पहिलो पक्षले तोकिएबमोजिमको रसिद दोस्रो पक्षले आफ्नोतर्फबाट छपाइ कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारीबाट रसिद प्रमाणित गराई कार्यालयमा रसिद नम्बर दाखिला गरी मात्र कर शुल्क उठाउँदा प्रयोग गर्नुपर्ने छ..**" भनी उल्लेख भएको देखियो । यसरी प्रत्यर्थीहरूबाट पेस गरिएका रसिदहरू जिल्ला विकास समितिबाट तोकिएबमोजिम छपाइ गरेका रसिदहरू हुन् वा होइनन् भन्ने सम्बन्धमा पुनरावेदक जिल्ला विकास समितिको कार्यालयलाई बुझ्न सकिने भए पनि हाल देशको राजनीतिक र प्रशासनिक पुनःसंरचना हुँदा पुनरावेदक र प्रत्यर्थीबिच सम्झौता हुँदाको समयमा कायम रहेको तत्कालीन जिल्ला विकास समितिको कार्यालय अहिले अस्तित्वमा नरहेकोले उक्त रसिदहरूका सम्बन्धमा यकिन गर्न पनि सम्भव हुने नदेखिने।

तसर्थ, प्रत्यर्थी गोविन्द कन्स्ट्रक्सन भेडिहारी पर्साले पुनरावेदक जिल्ला विकास समितिको कार्यालय पर्सा वीरगन्जसँग मिति २०६८।३।३१ मा गरेको ठेक्का कबुलियतबमोजिम सवारी कर उठाउन पाएको भन्ने मिसिल संलग्न प्रमाण कागजबाट नदेखिएको र आफूले सम्झौताबमोजिम कर सङ्कलन गर्न नपाएकोले ठेक्का कबुलियत बदर गरिपाउँ भनी प्रत्यर्थी कन्स्ट्रक्सनका तर्फबाट पुनरावेदक कार्यालयमा मिति २०६८।८।१ मा दिएको निवेदनको टुङ्गो लागिसकेको छ भनी पुनरावेदक कार्यालयको तर्फबाट यथेष्ट प्रमाणसमेत देखाउन सकेको नदेखिँदा प्रत्यर्थी कन्स्ट्रक्सनले पुनरावेदक कार्यालयमा ठेक्का कबुलियत बदर गरिपाउँ भनी दिएको निवेदनको टुङ्गो नलागेसम्म निजले जमानी राखेको रकम नलिनु, लिन नलगाउनु भनी पुनरावेदक कार्यालयको नाउँमा आदेश जारी गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६८।१२।०८ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : विष्णुप्रसाद पौडेल

कम्प्युटर : पद्मा आचार्य

**इति संवत् २०७७ साल चैत २२ गते रोज १ शुभम्।**

२१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी**, *०६५-CI-००९५, करारबमोजिम गराइपाऊँ, द्वारिका महर्जनसमेत वि. निजेश प्रधान*

मिति २०५९।७।५ को लिखतको बेहोराबाट वादीहरूले प्रतिवादीबाट लिएको ऋण रकम रू. ५०,०००।– एक वर्षभित्र फिर्ता बुझाउन

ल्याएमा प्रतिवादीले बुझी लिई कि.नं.४० को जग्गा वादीहरूलाई रजिस्ट्रेसन पारित गरी फिर्ता गरिदिने र फिर्ता नगरेमा जग्गाको चलन चल्तीको मूल्य प्रतिवादीले वादीहरूलाई तिर्ने सर्त राखिएको देखियो। सो सर्तबमोजिम वादीहरूले करारनामामा तोकेको अवधि १ वर्षभित्रै रकम बुझी जग्गा फिर्ता गरिदिनुहोस् भनी प्रतिवादीलाई भन्दा **जग्गा बैंकमा धितो राखेको छु, फुकुवा गरेपछि रजिस्ट्रेसन पारित गरिदिन्छु** भनी जवाफ दिएको भन्ने बेहोरा फिरादपत्रमा उल्लेख भएको र सो जग्गा प्रतिवादी निजेश प्रधानले मिति २०५९।१२।७ र.नं. ६३७२ बाट लुम्बिनी बैंकमा धितो राखी रोक्का राखेको भन्ने बेहोरा खुल्ने मिति २०६२।६।१३ को पत्रको प्रतिलिपिसमेत मिसिल संलग्न रहेको पनि पाइन्छ । यसप्रकार प्रतिवादीले करारनामाको सर्तबमोजिम रकम बुझी लिई जग्गा फिर्ता नदिएपछि जग्गाको चलन चल्तीको मोल तिर्ने भन्ने करारमा उल्लिखित अर्को वैकल्पिक सर्त क्रियाशील भई प्रतिवादीले सोबमोजिमको दायित्व पूरा गर्नुपर्ने देखियो । वादीले सुरू फिराद गर्दा जग्गा फिर्ता नभएमा जग्गाको मूल्य रू. १९,१२,०००।- भराइपाउँ भनी मूल्य नै किटी दाबी लिएकोमा हाल आएर यस अदालतसमक्ष पुनरावेदन गर्दा जग्गा नै फिर्ता गराइपाउँ भनी लिएको जिकिर मनासिब देखिन आएन । सो जग्गाको मूल्याङ्कनमा धेरै भिन्नता आइसकेको, मिति २०५९।७।५ पछि मिति २०५९।८।३ मा अर्को छोडपत्रको कागज पारित भएको, हाल जग्गा प्रतिवादीको नामबाट पनि अन्य व्यक्तिको नाममा हकहस्तान्तरण भइसकेको भन्ने लगाउको ०६७-CI-०६०० को लिखत बदर मुद्दाबाट देखिएकोसमेत अवस्था विद्यमान हुँदा वादीहरूको यस अदालतसमक्षको पुनरावेदन जिकिरबमोजिम जग्गा नै फिर्ता हुनसक्ने अवस्था देखिएन । यस स्थितिमा वादीहरूले फिराद दाबीबमोजिमको रकम रू. १९,१२,०००।- प्रतिवादीबाट भरिपाउने ठहर्‍याई भएको सुरू फैसला मनासिब नै रहेको अवस्थामा सो फैसला उल्टी गरी फिराद दाबी नपुग्ने ठहर गरी भएको पुनरावेदन अदालत पाटनको फैसला कानून र न्यायको रोहमा मिलेको देखिन नआउने।

काठमाडौं जिल्ला अदालतको मिति २०६३।१०।१७ को फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६५।३।१६ को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी हुने र मिति २०५९।७।५ को करारनामाको लिखतको आधारमा वादीहरूले प्रतिवादी निजेश प्रधानबाट वादी दाबीबमोजिमको रकम रू. १९,१२,०००।– भरिपाउने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६३।१०।१७ को फैसला मिलेको देखिँदा सदर हुने।

जग्गा नै फिर्ता दिलाइपाउँ भन्ने वादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने। जिल्ला अदालतको फैसलाबमोजिम नै फैसला कार्यान्वयन गर्नुपर्ने।

इजलास अधिकृत : फणेश्वरी घिमिरे

**इति संवत् २०७७ साल फागुन ३ गते रोज २ शुभम्।**

**इजलास नं.७**

२२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७६-RC-०१६३, कर्तव्य ज्यान, नेपाल सरकार वि. क्षेत्र गर्बुजा*

प्रतिवादी क्षेत्र गर्बुजा मौकामा फरार रही मुल्तबीबाट जागी उच्च अदालत हुँदै साधक जाँचको लागि पेस हुन आएको प्रस्तुत मुद्दामा जाहेरी दरखास्त, घटनास्थल एवं लासजाँच मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, सहप्रतिवादी ज्ञानबहादुर पाइजा र एन्जु भन्ने इन्द्रप्रसाद पुनले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज, जाहेरवाला एवं मौकामा कागज गर्ने वादीका साक्षी टेकबहादुर शेरवुजा र प्रेमबहादुर फकामीले सुरू अदालतसमक्ष गरिदिएको बकपत्रसमेतका मिसिल संलग्न आधारबाट यी प्रतिवादी क्षेत्र गर्बुजालाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरी सुरू पर्वत जिल्ला अदालतबाट मिति २०७५।१२।१२ मा भएको फैसला सदर गर्ने गरी भएको उच्च अदालत पोखरा, बागलुङ इजलासको मिति २०७६।६।९ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

**इजलास अधिकृत :** अञ्चन भट्टराई

**कम्प्युटर :** विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७७ साल साउन १८ गते रोज १ शुभम्।**

**२३**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-WO-१३८८, उत्प्रेषण, परमादेशसमेत, महेश डंगोल वि. आन्तरिक राजस्व कार्यालय, कलंकी, काठमाडौंसमेत*

बहसका क्रममा नेपाल सरकारतर्फबाट उपस्थित हुनुभएका उपन्यायाधिवक्ताले यी निवेदकले संशोधित कर निर्धारणउपर प्रशासकीय पुनरावलोकन गर्न पाउने सामान्य कानूनी उपचारको मार्ग प्रशस्त रहेको र त्यसरी पुनरावलोकनको निवेदन दर्ताका लागि यी निवेदकले म्याद थपको मागसमेत गरेको हुँदा यस अदालतको असाधारण अधिकार क्षेत्र आकर्षित नै हुँदैन भन्ने जिकिर प्रस्तुत गर्नुभएको छ। नेपालको संविधानको धारा १३३ को उपधारा (२) मा कस्तो अवस्थामा यस अदालतले आफ्नो असाधारण अधिकार प्रयोग गर्न सक्छ भन्ने सम्बन्धमा हेर्दा, अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि कुनै विवादमा समावेश रहेको संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने र विवाद टुङ्गो लगाउने असाधारण अधिकार दिएको देखिन्छ। प्राकृतिक न्यायको सिद्धान्तको यथोचित पालना नभएको करदातालाई आयकर ऐनले दिएको अधिकार प्रचलन हुने गरी कानूनअनुरूपको मौका नपाएको भन्ने कानूनी प्रश्नसमेत उठेको प्रस्तुत

निवेदनमा प्रशासकीय पुनरावलोकनको लागि म्याद थप माग गरेकै कारणबाट कानूनी अधिकार प्रयोग गर्न पाउने मौकाबाट वञ्चित गर्न सकिने अवस्था देखिँदैन । कानूनी प्रश्न समावेश रहेको विवादमा विबन्धनको सिद्धान्त आकर्षित नहुने न्यायको स्थापित सिद्धान्त हुँदा विपक्षीतर्फको उपर्युक्त जिकिरसँग सहमत हुन सकिएन । यस अदालतले कस्तो अवस्थामा असाधारण अधिकार क्षेत्र ग्रहण गर्न सक्छ भन्ने सम्बन्धमा सुनसरी मोरङ सिँचाई विकास समितिको तर्फबाट अधिकारप्राप्त का.मु. योजना प्रमुख अनिलकुमार पोखरेल विरूद्ध लार्सन एण्ड टुब्रो लिमिटेडसमेत भएको उत्प्रेषण विषयको निवेदन (२०५९ सालको रिट नं. ३०२९, निर्णय मिति २०६३/९/२५) मा यस अदालतबाट असाधारण अधिकार क्षेत्रलाई रिट क्षेत्राधिकार वा न्यायिक पुनरावलोकनको शक्तिको रूपमा पनि बुझ्ने गरिएको, अदालतले सरसर्ती हेर्दा नै कानूनी त्रुटि विद्यमान रहेको देखेमा (Error of law apparent on the face of record), प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन भएमा (Breach of the principles of natural justice), हुँदै नभएको अधिकार क्षेत्र ग्रहण गरेमा वा भएको अधिकार क्षेत्रको बढी प्रयोग गरेमा वा दुरूपयोग गरेमा (Lack of power, excess of power or abuse of power), अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधिको त्रुटि भएमा (Error of procedure), कानूनको त्रुटि भएमा (Error of law) वा जालसाजीपूर्ण तवरले प्रयोग गरेमा (Fraud on law), कानूनी कर्तव्य पालना नभएमा (Failure to perform duty), कलुषित निर्णय (Bad faith) भएको अवस्था विद्यमान देखेमा यो अधिकार क्षेत्र ग्रहण गरी रिट जारी गर्ने गरेको भनी व्याख्या भएको छ । प्रस्तुत निवेदनमा उठाइएको विषयहरू तथा प्रचलित कानूनी व्यवस्थाहरूको विश्लेषण गर्दा उपर्युक्तबमोजिमका अवस्थासमेत देखिएको हुँदा प्रस्तुत निवेदनका हकमा यस अदालतले आफ्नो असाधारण अधिकारक्षेत्र ग्रहण गर्न सक्दैन भन्ने विपक्षीतर्फको जिकिरसँग सहमत हुन नसकिने ।

निवेदक संस्थासँग आन्तरिक राजस्व कार्यालय, कलंकी, काठमाडौंबाट जारी मिति २०७५।१२।७ मा कर दाखिल गर्न माग गरिएको पत्र तथा मिति २०७६।१।८ मा गरिएको संशोधित कर निर्धारणसम्बन्धी निर्णय पर्चासमेत कानूनसङ्गत नदेखिएको हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब यो संस्थालाई मिति २०६७/१२/७ मा प्रदान भएको कर छुट प्रमाण पत्र नवीकरण गर्ने नगर्ने तथा कर छुट दिने नदिने सम्बन्धमा एवम् विवादित आर्थिक वर्षको लेखा परीक्षण भएको वित्तीय विवरणसमेतको आधारमा कुनै करको दायित्व रहे भएको भए स्पष्ट कारण, कानूनी आधार तथा सम्भावित दायित्वसमेत खुलाई प्राकृतिक न्यायको सिद्धान्त र आयकर ऐन, २०५८ बमोजिम सुनुवाइको मौका दिई प्रमाण पेस गर्न वा जवाफ पेस गर्न लगाई पेस भएका कानूनी आधार, सबुद प्रमाण तथा जवाफको समुचित मूल्याङ्कन एवम् विवेचनासमेत गरी आधार

कारणसहितको निर्णय गर्नु भनी विपक्षी आन्तरिक राजस्व कार्यालय, कलंकीका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत:- कुलप्रसाद दाहाल

कम्प्युटर : शान्ति तामाङ

**इति संवत् २०७७ साल असार २३ गते रोज ३ शुभम्।**

**२४**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०६९-WO-१२२१,* परमादेश, *रिंकुकुमारी झा वि. परीक्षा नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय, त्रिभुवन विश्वविद्यालय, बल्खु, काठमाडौंसमेत*

ट्रान्सक्रिप्ट भनेको कुनै विशेष कुरा नभई विभिन्न वर्षहरूको लब्धाङ्कपत्रको एकीकृत रूप भएकोले निवेदिकाले उत्तीर्ण गरेको परीक्षाको लब्धाङ्कपत्रहरू प्रदान गरिसकेको परिप्रेक्ष्यमा रिट निवेदिकालाई विपक्षी परीक्षा नियन्त्रण कार्यालयले ट्रान्सक्रिप्ट दिन मिल्दैन भनी विद्यार्थीको शैक्षिक योग्यता हासिल गर्ने र वृत्ति विकास अवरूद्ध गर्ने गरी आफ्नो दायित्वबाट पन्छिने कार्यलाई कदापि न्यायोचित र विवेकसम्मत भन्न नमिल्ने।

यी रिट निवेदिका रिंकुकुमारी झाले उत्तीर्ण गरेकी परीक्षाको ट्रान्सक्रिप्ट पाउनुपर्ने देखिँदा निजले दाबी गरेको व्यवस्थापन सङ्कायअन्तर्गत स्नातक तह उत्तीर्ण गरेको लब्धाङ्कपत्रहरूको एकीकृत स्वरूप ट्रान्सक्रिप्ट नियमानुसार गरी निज निवेदिकालाई उपलब्ध गराउनु भनी विपक्षी परीक्षा नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय, त्रिभुवन विश्वविद्यालय बल्खुको नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः सुशिला पाण्डे

**इति संवत् २०७६ साल फाल्गुन २१ गते रोज ४ शुभम्।**

## इजलास नं.८

२५

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-CR-१०२४, लागु औषध अफिमसमेत, सुदीपकुमार मुक्तानसमेत वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरूले अनुसन्धानको क्रममा भएको बयानमा लागु औषध हामीबाट बरामद भएको भनेको होइन, झोलामा लागु औषध भएको थाहा थिएन, लागु औषधको झोला मधेसी मूलका व्यक्तिहरूको हो, बरामद लागु औषध हामीहरूको होइन, अदालतमा हामीले कसुरमा इन्कार रही बयान गरेका छौं भन्नेलगायतका पुनरावेदन जिकिर लिएको देखिन्छ। सर्वप्रथमतः मिसिल संलग्न बरामदी मुचुल्काबाट लागु औषध प्रतिवादीहरू सुदिपकुमार मुक्तान र खड्गबहादुर मुक्तानको साथबाट लागु औषध बरामद भएको पाइन्छ। अदालतमा स्वतन्त्ररूपले बयान गर्दा पनि प्रतिवादीहरूले लागु औषध आफूहरूबाट बरामद भएको होइन भनी इन्कार गर्न सकेको देखिन्न। बरामदी रातको १:०० बजेको समयमा भएको अवस्था छ। प्रतिवादीहरूको भनाइअनुसार रातको समयमा, जङ्गलमा, अपरिचित मधेसी मूलका

व्यक्तिहरूले मोटरसाइकल रोक्दा प्रतिवादीहरूले मोटरसाइकल रोकेर अलपत्र परेका ती व्यक्तिहरूको झोला रातामाटे भन्ने स्थानसम्म पुऱ्याइदिन आफूहरूले बोकी ल्याएको भने पनि रातको १:०० बजेको समयमा प्रतिवादीहरू जङ्गलमा के गर्दै थिए ? रातको समय, जङ्गल र अपरिचित व्यक्तिले मोटरसाइकल रोकेर झोला लगिदिनु भन्दा लगिदिनुपर्ने कारण के थियो ? रातामाटेको के कुन घर वा स्थानमा झोला राखी दिनुपर्ने थियो ? प्रतिवादीहरूको ती झोला दिने व्यक्तिसँग पुनः भेट हुने माध्यम के थियो ? झोला खोली नहेर्नु र बोकी ल्याएको झोलामा ती अपरिचित व्यक्तिहरूले भनेबमोजिम सल्लाको खोटो र जडिबुटी नै थियो भनी प्रतिवादीहरूले विश्वास गर्नुपर्ने कारण के थियो ? आदि अनुत्तरित प्रश्नहरूको जवाफ प्रतिवादीहरूले कुनै ठोस प्रमाणबाट दिन सकेको देखिन आएन । प्रमाण ऐन, २०३१ को दफा २७ ले जिकिर प्रमाणित गर्ने भार जिकिर लिनेमा निहित गरेकोमा पुनरावेदक प्रतिवादीहरू जिकिर प्रमाणित गर्ने आफ्नो दायित्वबाट विमुख रहेको देखिन्छ। यस स्थितिमा बरामद भएको लागु औषध हाम्रो होइन, झोलामा लागु औषध भएको जानकारी थिएन भन्ने प्रतिवादीहरूको इन्कारी बयान पत्यारलायक देखिएन। बरामद भएको लागु औषध अपरिचित मधेसी मूलका व्यक्तिहरूको हो भन्ने प्रतिवादीहरूको जिकिर रहे पनि प्रतिवादीहरूको बयान बेहोराबाहेक अपरिचित मधेसी मूलका व्यक्तिको अस्तित्व अन्य तथ्य प्रमाणबाट पुष्टि भएको पाइँदैन। प्रतिवादीहरू जीवन तामाङ र ज्ञाने तामाङले आफूहरूले मधेसी मूलका व्यक्तिहरूलाई गाउँघरमा नदेखेको भनी बयान गरेका छन्, प्रतिवादीहरूले अनुसन्धानको क्रममा बयान गर्दा एकजना मधेसी मूलका व्यक्ति गाउँघरमा आई मसँग गाँजा र अफिम छ भनेको बेहोरा उल्लेख भएको छ, प्रतिवादीहरूले अदालतमा बयान गर्दा अघोर भन्ने तल बिचको जङ्गलमा तीन चार जना मधेसी मूलका व्यक्तिहरूले मोटरसाइकल रोकेको भन्ने देखिएबाट तथा कथित लागु औषधका धनी भनिएका मधेसी मूलका व्यक्तिको अस्तित्व र संख्यामै विरोधाभाष देखिनुका साथै प्रहरी अनुसन्धानबाट पनि मधेसी मूलका व्यक्ति रहे भएको तथ्य पुष्टि भएको देखिँदैन। यस स्थितिमा मधेसी मूलका व्यक्तिहरूले बरामद लागु औषध रातामाटेसम्म पुऱ्याइदिनु भनी दिएको, झोलामा लागु औषध भएको थाहा नभएको, बरामद लागु औषध आफूहरूको नभएको, लागु औषध ओसार पसारमा संलग्नता नरहेको भन्ने यावत् जिकिरहरू यथार्थपरक र विश्वसनीय नरही वस्तुनिष्ठ प्रमाणहरूबाट समेत पुष्टि हुन सकेको नपाइएकोले प्रतिवादीहरूको उल्लिखित जिकिरसँग सहमत हुन नसकिने।

सुरू मकवानपुर जिल्ला अदालतको मिति २०७५।३।२७ गतेको फैसला सदर गर्ने ठहर गरेको उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७६।३।३ को फैसला मिलेकै देखिँदा सदर

हुने । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः किरणकुमार सिंह

कम्प्युटर : मन्जिता ढुंगाना

**इति संवत् २०७७ साल चैत्र १० गते रोज ३ शुभम्।**

## २६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-CR-०९७४, ०७६-CR-०९७५, ०७६-CR-११४९, कर्तव्य ज्यान, ज्योतिष बुढा वि. नेपाल सरकार, मानबहादुर दमाई वि. नेपाल सरकार, कर्णबहादुर बस्नेत वि. नेपाल सरकार*

प्रतिवादीहरूले उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासमा र यस अदालतमा पुनरावेदन गर्दा **मृतककै कारण मृतकलाई सामान्य कुटपिट गर्दा ज्यान गएको, मृतकलाई मार्नुपर्ने इविलाग नभएको, न्यायिक प्रक्रियामा सहयोग गर्दा पनि चर्को सजाय भएको, न्यून सजाय मात्र गरी प्रायश्चित गर्दै सुध्रिएर समाजमा पुनर्स्थापना मौका पाउनुपर्ने हो** भनी जिकिर लिएतर्फ हेर्दा मृतक विजयकृष्ण हिरा यी प्रतिवादीहरूको लागु औषध आपूर्तिकर्ता भएको र लागु औषध खरिद गर्दा उधारो बाँकी रहेको रकम रू.२०,०००।- यी प्रतिवादीहरूले दिन बाँकी रहेको भन्ने तथ्य मिसिल संलग्न प्रतिवादीहरूको बयान कागजसमेतबाट देखिन आउँछ। सोही उधारो रकम नदिएका कारण मृतकले अभिभावकलाई भनिदिने भनी चेतावनी दिएका कारण अभिभावकहरूले थाहा पाउने हुन कि भन्ने भयले प्रतिवादीहरूमा मृतकमाथि आक्रमण गर्ने सोच पैदा भएको देखिन्छ र सोही सोचलाई प्रतिवादीहरूले कार्यान्वयन गर्ने क्रममा मृतकको मृत्यु भएको अवस्था छ। सोबाहेक प्रतिवादीहरूले मृतकलाई मार्नुपर्नेसम्मको इविलाग र कारण मिसिल संलग्न कागजहरूबाट खुल्न आएको पाइँदैन । विजयकृष्ण हिरा प्रतिवादीहरूलाई लागु औषध बिक्री गर्ने व्यक्ति भएको र निजकै चेतावनीका कारण प्रतिवादीहरूले निजलाई कर्तव्य गरी मारेको भन्ने तथ्य प्रतिवादीको बयानलगायतका मिसिल संलग्न कागजहरूबाट खुल्न आएको छ। प्रतिवादीहरूले दया याचना गरेको आधारबाट नै प्रतिवादीहरूलाई न्यून वा घटी बढी कैद हुन सक्ने भन्ने होइन र त्यस्तो अवस्थामा सजाय घटिबढी वा न्यून हुन सक्ने भन्ने कानूनी व्यवस्थाको विद्यमानतासमेत रहेको देखिँदैन । यस स्थितिमा प्रतिवादीहरू ज्योतिष बुढा र मानबहादुर दमाईलाई जन्मकैदको सजाय गर्ने सुरू फैसला र सो फैसला सदर गर्ने ठहर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला मनासिब नै देखिने।

प्रस्तुत मुद्दाको परिप्रेक्ष्यमा विचार गर्दा मृतकले प्रतिवादीहरूलाई लागु औषध सेवनको लागि दिने गरेको देखिएको, लागु औषधको कुलतमा फसेका प्रतिवादीहरूलाई मृतक विजय कृष्ण हिराले दिएको चेतावनीको कारण निज विजय कृष्ण हिराउपर आक्रमण गरेको देखिएको, घटना घटाउनुअघि प्रतिवादीहरूले परिवारलाई नभनी दिनु भनी मृतकसँग अनुरोध गरेको, सो घटना घट्नुअघि

प्रतिवादीहरूको अन्य कुनै आपराधिक पृष्ठभूमि नरहेको, लागु औषध सेवनले प्रतिवादीहरूमा पुऱ्याएको मानसिक असर, अपराध हुँदाका बखत प्रतिवादीहरू १८/१९ वर्षको यौवनावस्थामा प्रवेश गर्दै गरेको अपरिपक्क तथा उरन्ठेउलो उमेरको रहेको, कसैको भनाइ दबाब वा बहकाउमा अपराध घटाएको नदेखिएको, प्रतिवादीहरूले आफूले गरेको कसुर स्वीकार गरी न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको, भविष्यमा अपराध नगर्ने बाचा गरेको, प्रतिवादीहरूमा पश्चातापको बोध जागृत भई सुध्रिएर समाजमा पुनर्स्थापित हुनपाउँ भनी दया याचना गरेको र प्रतिवादीहरूको शैक्षिक र बौद्धिक स्तरसमेतको अवस्था तथा प्रतिवादीहरूले विजय कृष्ण हिरालाई कुटपिट गरी विजय कृष्ण हिराको मृत्यु भएको पृष्ठभूमिमा यी प्रतिवादीहरूलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुन व्यक्त गरिएको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको राय मनासिब नै देखिने।

प्रतिवादी कर्णबहादुर बस्नेतको घटनास्थलमा उपस्थित रहेको स्वीकारोक्ति, सहअभियुक्त ज्योतिष बुढाको म र प्रतिवादीहरू मानबहादुर दमाई, कर्णबहादुर बस्नेत भई कुटपिट गर्दा मृतक विजयकृष्णको मृत्यु भएको भन्ने साबिती बयान, लास जाँच तथा घटनास्थल मुचुल्का र शव परीक्षण प्रतिवेदन र Mobile को SMS details बाट अपराध घटाउनुमा यी प्रतिवादी कर्णबहादुर बस्नेतसमेतको संलग्नता रहेको पुष्टि हुन आयो। प्रतिवादी कमल भन्ने कर्णबहादुर बस्नेतको अपराधमा संलग्नता देखिएसँगै म निर्दोष छु, जन्मकैद गर्ने ठहर गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसला र सो फैसलालाई सदर गर्ने ठहर गरेको उच्च अदालत दिपायल महेन्द्रनगरको फैसला बदर गरी आरोपित कसुरबाट सफाइ पाउँ भन्ने प्रतिवादी कमल भन्ने कर्णबहादुर बस्नेतको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार जन्मकैदको सजाय गर्ने सुरू कञ्चनपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने ठहर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७६।२।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरू १८/१९ वर्षको अपरिपक्क तथा उरन्ठेउलो उमेरको रहेको, प्रतिवादीहरूको शैक्षिक र बौद्धिक स्तर, कसैको भनाइ दबाब वा बहकाउमा अपराध घटाएको नदेखिएको र वारदात घटेको अवस्थासमेतको पृष्ठभूमिमा कानूनबमोजिमको सजाय चर्को पर्ने भनी प्रतिवादीहरू ज्योतिष बुढा, मानबहादुर दमाई र कमल भन्ने कर्णबहादुर बस्नेतलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम जनही १०(दश) वर्ष कैद हुन व्यक्त गरिएको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको रायसमेत सदर हुने।

इजलास अधिकृतः किरणकुमार सिंह

**इति संवत् २०७७ साल चैत्र १० गते रोज ३ शुभम्।**

**२७**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७१-WO-०३७४, उत्प्रेषणसमेत, श्रीप्रसाद देवकोटा वि. श्री नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौंसमेत*

नेपाल राष्ट्र बैंक ऐन, २०५८ द्वारा स्थापित नेपाल राष्ट्र बैंक अविच्छिन्न, उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हो, जुन उक्त ऐनको दफा ३(३) मा उल्लेख भएको पाइन्छ भने सोही ऐनको दफा ७९(१) मा राष्ट्र बैंकलाई वाणिज्य बैंक तथा वित्तीय संस्थाको काम कारबाही नियमन गर्ने पूर्ण अधिकार हुने छ भन्ने र ऐ.को दफा ७९(२) मा उपदफा (१) बमोजिम नियमन गर्ने सम्बन्धमा बैंकले आवश्यक देखेका विषयमा नियम तथा विनियम बनाउन र आवश्यक आदेश, निर्देश तथा सूचना जारी गर्न सक्ने छ र त्यस्तो नियम तथा विनियम र आदेश, निर्देश तथा सूचनाको पालना गर्नु सम्बन्धित वाणिय बैंक तथा वित्तीय संस्थाको कर्तव्य हुने छ भन्ने व्यवस्था उल्लेख भएको पाइन्छ। उपर्युक्त कानूनी व्यवस्थानुसार राष्ट्र बैंकले निर्देशन सूचना जारी गर्न सक्ने नै देखियो । उक्त निर्देशन सूचनाको पालना वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट हुने नै देखिन आउँछ । उक्त कानूनी व्यवस्थानुसार राष्ट्र बैंकले मिति २०७१।६।७ मा बैंक तथा वित्तीय संस्थालाई इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको संस्थापक सेयरधनीहरूलाई एउटै संस्थापक समूहमा राख्नुपर्ने छ। यो निर्देशन जारी हुँदा कुनै बैंक तथा वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा सोअनुसारको व्यवस्था नभएको भए आगामी साधारणसभाले सोसम्बन्धी प्रस्ताव पारित गरी संशोधन गर्नुपर्ने छ भनी र मिति २०७१।७।१३ मा तर वैदेशिक लगानी र संस्थागत लगानी रहेका बैंक तथा वित्तीय संस्थाले प्रबन्धपत्र तथा नियमावलीमा समानुपातिक प्रतिनिधित्व कायम हुने गरी सञ्चालक संख्या तोक्ने व्यवस्था गर्न बाधा पुगेको मानिने छैन भनी प्रतिबन्धात्मक वाक्यांश थप गरेको।

नेपाल राष्ट्र बैंकले विभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा देखिएका समस्या सुधारका लागि समग्र मौद्रिक नीति तय गर्ने क्रममा जारी गरिएको मौद्रिक नीतिको वित्तीय क्षेत्र सुधार नियमन तथा सुपरिवेक्षण शीर्षकको बुँदा नं. ७२ मा बैंक तथा वित्तीय संस्थाहरूका संस्थापकहरूको विभिन्न समूहमा वर्गीकरण हुने व्यवस्थाको अन्त्य गरी सबै संस्थापकहरूलाई एकै समूहमा रहने व्यवस्था गरिने छ भन्ने व्यवस्था भएको र सोहीअनुसार परिपत्र गरी बैंक तथा वित्तीय संस्थालाई राष्ट्र बैंकले निर्देशन दिएको देखियो । जुन निर्देशन बैंक तथा वित्तीय संस्थाको हितमा साधारण सभालाई प्रभावकारी बनाई संस्थाका पदाधिकारीहरूको छनौटलाई पारदर्शी बनाउने उद्देश्यका साथ उक्त निर्देशन जारी भएको भन्ने विपक्षी राष्ट्र बैंकको लिखित जवाफबाट देखिने।

नेपाल राष्ट्र बैंकले मिति २०७१।६।७ मा जारी गरेको निर्देशन र मिति २०७१।७।१३ मा थप गरेको प्रतिबन्धात्मक वाक्यांश नेपाल

राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९(२) ले दिएको अधिकारअन्तर्गत नै बैंक तथा वित्तीय संस्थाको सुधार एवं हितमा तथा सेयरधनीहरूबिच समानता ल्याउनका लागि जारी भएको हुँदा कानूनसम्मत उक्त निर्देशन बदर गरी विपक्षी राष्ट्र बैंकसमेतका नाउँमा परमादेशको आदेश जारी गरिरहनुपर्ने देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नवराज कार्की

कम्प्युटर : मन्जिता ढुंगाना

**इति संवत् २०७६ साल असोज १ गते रोज ४ शुभम्।**

**इजलास नं.९**

**२८**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-RB-००६५, बैंकिङ कसुर, *नेपाल सरकार वि. नरेश लामगादे*

प्रतिवादी नरेश लामगादेले नबिल बैंक लि.का खातावालाहरूको युजर नेम र पासवर्ड ह्याक गरी रू.५०,०००।- बराबरको रकम अनधिकृत रूपमा ट्रान्सफर गरी लगेका हुन् भनी किटानी जाहेरी परी सोहीअनुरूपको अभियोग मागदाबी भए तापनि वादी नेपाल सरकारतर्फबाट यी प्रतिवादीले जसको खाताबाट अनधिकृत रूपमा रकम ट्रान्सफर गरी लगेको भनिएको छ, उक्त मानिसहरूलाई उपस्थित गराउन सकेको देखिँदैन भने निजहरूबाट सो सम्बन्धमा केही बुझेकोसमेत नदेखिने।

प्रतिवादीले अदालतको बयानमा उल्लेख गरेको नेपाल टेलिकमको रिचार्ज पिन नं. खरिद गरेको रू.१२००।- बाहेकका अरू रकम कहाँ के कसरी खर्च गरे वादी नेपाल सरकारले खुलाउन सकेको देखिँदैन भने निजले रू.५०,०००।- बराबरको रकम अनधिकृत रूपमा ट्रान्सफर गरेकै हुन् भनी तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न नसक्ने।

प्रमाण ऐन, २०३१ को दफा २५ हेर्दा, ***"फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादी पक्षको हुने छ"*** भन्ने उल्लेख भएको पाइन्छ। कसैलाई पनि निजले गरेको कसुर स्वतन्त्र एवं तथ्ययुक्त प्रमाणबाट पुष्टि नभएसम्म निजलाई कसुरदार ठहर गरी सजाय गर्न मिल्दैन। फौजदारी मुद्दामा शंकाको सुविधासमेत अभियुक्तले नै पाउने भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तसमेत रहेको देखिन्छ भने कुनै पनि अभियुक्तलाई निजले गरेको कसुरमा कानूनले तोकेभन्दा बढी सजाय गर्नसमेत नमिल्ने।

प्रस्तुत मुद्दामा प्रतिवादी नरेश लामगादेले नबिल बैंक लिमिटेडका खातावालाहरूको युजर नेम र पासवर्ड ह्याक गरी अनधिकृत रूपमा रू.५०,०००।- बराबरको रकम ट्रान्सफर गरी लगी आरोपित कसुर गरेका हुन् भन्ने अभियोग मागदाबीलाई वादी नेपाल सरकारतर्फबाट तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको नदेखिँदा प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम रू.५०,०००।- बिगो कायम गरी सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग

सहमत हुन नसकिने ।

प्रतिवादी नरेश लामगादेले नबिल बैंकका खातावालाहरूबाट PHISHING को माध्यमबाट युजर नेम र पासवर्ड प्राप्त गरी अनधिकृत रूपमा रू.१२००।- (बाह्र सय रूपैयाँ) सम्म ट्रान्सफर गरी बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ५ को खण्ड (क)(ग) र दफा ६ को कसुर गरेको देखिँदा निजलाई सोही ऐनको दफा १५(२)(क) बमोजिम १(एक) महिना कैद र रू.१२००।- (बाह्र सय रूपैयाँ) जरिवाना हुने र जाहेरवालालाई प्रतिवादीबाट बिगो रू.१२००।- (बाह्र सय रूपैयाँ) भराइदिने ठहऱ्याई पुनरावेदन अदालत पाटन वाणिज्य इजलासले मिति २०७०।९।५ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः- अरूणकुमार कोइराला

कम्प्युटर : उत्तरमान राई

**इति संवत् २०७४ साल चैत्र २५ गते रोज १ शुभम् ।**

- यसै लगाउको ०७१-RB-०१३२, बैंकिङ कसुर, नेपाल सरकार वि. भक्त श्रेष्ठसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## २९

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** ०७३-CR-१२५९, जालसाजी, *शंकर सिंह वि.क. वि. पुष्पे रानासमेत*

कि.नं. १८४७ को क्षेत्रफल ०२२३० व.मि. जग्गामध्ये वादीको बन्डामा पर्ने ००३१८ व.मि. जग्गा मात्र बदर भएको अवस्थामा बाँकी रहेको ०१९१२ व.मि. जग्गा चन्द्रवीर वि.क. र पुष्पे रानाका बिच मिति २०६३/१/१५ मा मालपोत कार्यालय, रूकुमबाट पारित भएको राजीनामा लिखत सदर कायम भएको नै देखिन्छ । सोही बाँकी रहेको ०१९१२ व.मि. जग्गामध्येको ०१२९० व.मि. जग्गा मात्र कित्ताकाट गरी पुष्पे रानाले मिति २०७०/९/२१ मा प्रतिवादीमध्येकै नारायण शर्मालाई राजीनामा पारित गरी हक हस्तान्तरण बिक्री व्यवहार गरेको देखिन्छ । प्रस्तुत राजीनामाको लिखतबाट शंकरसिंह वि.क.ले कि.नं.१८४७ को व.मि. ०२२३० व.मि. जग्गाबाट ७ अंशियारमध्ये एक अंशियार कायम भई सुरू रूकुम जिल्ला अदालतबाट भएको अंश मुद्दाको फैसलाबमोजिम पुनरावेदक वादीको हक पुग्ने जम्मा ज.वि. ००३१८ व.मि. जग्गा यथावत बाँकी राखी जम्मा ०१९१२ व.मि. जग्गा प्रतिवादी चन्द्रवीर वि.क.ले पुष्पे रानालाई बिक्री गरेको व्यवहार सदर कायम रहेको नै मान्नुपर्ने अवस्थामा देखिन्छ । पुष्पे राना र नारायण शर्माबिचको पछिल्लो लिखत अर्थात् मिति २०७०/९/२१ मा रू.२५,८०,०००।– को थैली राखी पारित गरिएको राजीनामाको लिखतबाट मात्र यी पुनरावेदक वादीको हक जाने, हक मेटिने कार्य भएको भन्न मिल्ने अवस्था नदेखिने । तसर्थ, यस अदालतबाट वादी दाबी रहेको पूर्वफैसलाबमोजिम वादीको हकजतिको जग्गा बाँकी रहे नरहेको यकिन नगरी भएको फैसला फरक पर्न सक्ने भनी निस्सा प्रदान हुने गरी भएको आदेशसँग सहमत हुन नसकिने ।

वादी दाबीबमोजिम जालसाजको दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू फैसलालाई सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७२।०३।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : नारायण सापकोटा

कम्प्युटर : सरस्वती दाहाल

**इति संवत् २०७७ साल पौष १० गते रोज ६ शुभम् ।**

## इजलास नं.१०

३०

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७५-CR-१४१६, *कर्तव्य ज्यान, नेपाल सरकार वि. मोहम्मद आजाद अन्सारी*

प्रस्तुत मुद्दामा घटनाको प्रत्यक्षदर्शी व्यक्ति जितन भन्ने उत्तमप्रसाद उप्रेतीको बकपत्रबाट समेत जङ्गलमा अपरिचित व्यक्तिले मृतकलाई काठको लाठीले टाउकोमा हिर्काएपछि साथीको हातको हँसिया खोसी हिर्काएँ, मलाई पनि खेद्न लाग्दा भागेँ भन्ने देखिएबाट मृतकसँग बिना वादविवाद अकस्मात घटना भएको देखिन्छ । यस स्थितिमा प्रतिवादी तथा मृतकको बिचमा कुनै पनि रिसइबी वादविवाद नभई एक्कासी घटना घटेको अवस्था हुँदा प्रतिवादीको उक्त व्यवहार एउटा सामान्य समझ भएको स्वस्थ मानिसले गर्ने खालको नभई चिकित्सकीय निष्कर्षबमोजिम मानसिक असन्तुलन भएको व्यक्तिले नै गर्ने भएकाले प्रतिवादी घटना घट्दाको समयमा स्वस्थ भई कामको प्रकृति तथा परिणाम थाहा पाउने अवस्थामा थिए भनी मान्न सकिने अवस्था छैन । वारदात घट्नुपूर्वदेखिबाट प्रतिवादीलाई कडा मानसिक रोग लागी निजको मानसिक अवस्था ठिक नभएको समयमा निजले वारदात घटाएको देखिन्छ । वारदातपछि निजले आफूलाई मानसिक रोग लागेको भनी जिकिर लिएर जँचाएको भन्ने अवस्था देखिँदैन । वारदातपूर्वका चिकित्सकीय परीक्षणका कागजातबाट निज प्रतिवादीलाई आफूले गर्न लागेको कामको प्रकृति र परिणामसमेत थाहा नपाउने कडा किसिमको मानसिक रोग लागेको भन्ने अवस्था पुष्टि भइराखेको देखिँदा निज मानसिक रोगका बिरामी रहेको भन्ने तथ्यमा कुनै बनावटीपन रहेभएको देखिँदैन । प्रमाणबाट प्रतिवादी वारदात हुनुपूर्वदेखि नै मानसिक रोगी रहेको भन्ने तथ्य पुष्टि भएको हुँदा निजले दण्ड सजायमा कानूनबमोजिम पाउने सुविधा पाउँदैनन् भन्न मिल्ने देखिँदैन। अतः प्रतिवादीको मगज बिग्रेको अवस्थाको होइन । अदालतबाट सोधेको सवालको जवाफ दिएको निजको व्यवहारले सो तथ्यलाई स्थापित गरेको छ । पागल भएको भनिएको व्यक्तिलाई एक्लै बसमा पठाउने अवस्था नहुँदा प्रमाणका व्यक्तिको भनाइमा विश्वस्त हुनसक्ने अवस्था छैन। अदालतमा स्वयम् प्रतिवादीले आफ्नो मानसिक अवस्था ठिक छ भनेबाट यी प्रतिवादी कानूनबमोजिमको सुविधा पाउने अवस्थाको व्यक्ति नहुँदा सुरू अदालतले कसुर ठहर गरी सजाय गर्ने गरेको फैसला मिलेकै

देखिएको अवस्थामा निज प्रतिवादीलाई सजायमा छुटको सुविधा वा उन्मुक्ति प्राप्त हुनसक्ने अवस्था नभएको भनी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. मा "कानूनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बिग्रेको वा बौलाएको रहेछ भने निजलाई खत बात लाग्न वा कुनै प्रकारको सजाय हुन सक्तैन" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यसरी उल्लिखित कानूनी व्यवस्थाअनुसार यी प्रतिवादी मोहम्मद आजाद अन्सारीको अवस्था हेर्दा निजको मानसिक अवस्था बिग्रेको भन्ने तथ्यहरूका साथै स्वास्थ्य परीक्षण गर्ने चिकित्सकको भनाइसमेतका आधारमा निजलाई प्रस्तुत वारदातमा कुनै पनि सजाय हुनसक्ने अवस्था नदेखिने।

प्रतिवादी मोहम्मद आजाद अन्सारीको मानसिक अवस्था असन्तुलन भई होस ठेगानामा नभएको कारण गौरको जङ्गलमा दाउरा घाँस काट्न गएका मृतक हिरालाल लुङवालाई काठमाडौंबाट आफ्नो घर गौर जानेक्रममा सो जङ्गलछेउमा बस रोकेको अवस्थामा बसबाट ओर्ली पहिला लाठीले र पछि निजकै हँसियाले प्रहार गरी हत्या गरेको तथ्य मिसिल प्रमाणबाट देखिन आएको र निजको मानसिक अवस्थाको बारेमा उपचारमा संलग्न चिकित्सकको बकपत्रबाट पनि निज प्रतिवादीलाई कडा मानसिक रोग लागेको भन्ने तथ्य स्थापित हुने।

प्रतिवादी मोहम्मद आजाद अन्सारीलाई कडा मानसिक रोग लागेको भन्ने मिसिलमा संलग्न चिकित्सकीय पुर्जाबाट प्रमाणित हुन आएको छ। प्रतिवादीले त्यही अवस्थामा नै मृतकलाई लाठी र हँसियाले हानेका छन्। प्रतिवादीले मृतकलाई आफूलाई कडा मानसिक रोग लागी कामको प्रकृति र परिणामसमेत थाहा नपाउने अवस्थाको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. बमोजिम कुनै सजाय नहुने गरी फैसला गर्नुपर्नेमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३ (१) नं. को कसुरमा ऐ. महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू बारा जिल्ला अदालतबाट मिति २०७४।०९।१८ मा भएको फैसला मिलेको नदेखिएकाले सो फैसलालाई उल्टी गरी निज प्रतिवादीलाई मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. बमोजिम कुनै सजाय नहुने ठहऱ्याई भएको उच्च अदालत जनकपुर, वीरगन्ज इजलासको फैसला मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

प्रतिवादी मोहम्मद आजाद अन्सारीले अभियोग दाबीबाट सफाइ पाउने गरी उच्च अदालत जनकपुर, वीरगन्ज इजलासबाट भएको मिति २०७५।०३।२२ को फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर : प्रेमबहादुर थापा

**इति संवत् २०७७ साल असार १ गते रोज २ शुभम्।**

### ३१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७५-CR-०४६९, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. मिलन कार्की

प्रतिवादी मिलन कार्की वर्न हार्ट कन्सल्टेन्सी प्रा.लि.का पूर्व सञ्चालक अध्यक्ष रहेको र निजले २०७२।८।८ को बिक्रीनामाको लिखतमार्फत आफ्नो एकल स्वामित्वमा रहेको सो कम्पनी प्रतिवादी अक्षयकुमार बोहोरालाई सम्पूर्ण सेयर बिक्री गरी स्वामित्वसमेत हस्तान्तरण गरेको देखिने।

जाहेरीसाथ पेस हुन आएको रू.१,००,०००।- को वर्न हार्ट कन्सल्टेन्सी प्रा.लि. को मिति २०७३।१।६ को वैदेशिक रोजगारको लिखतमा यी प्रतिवादी मिलन कार्कीको नाउँसम्म पनि उल्लेख भएको देखिएन भने कारोबार भएको भनिएको समयमा वर्न हार्ट कन्सल्टेन्सी प्रा.ली.सँग मिलन कार्कीको कुनै सम्बद्धता नरही उक्त कम्पनी प्रतिवादी अक्षयकुमार बोहोराको एकल स्वामित्वमा रहेको देखिने।

प्रतिवादी अक्षयकुमार बोहोराले मिलन कार्कीउपर गरेको पोललाई प्रभाव पार्ने गरी अन्य कुनै पनि स्वतन्त्र प्रमाण अभियोजन पक्षबाट पेस हुन सकेको देखिँदैन । दाबी पुष्टि गर्ने भार वादीमा हुन्छ र फौजदारी कसुरको सिद्धान्तनुसार आरोपीलाई लगाइएको अभियोग शंकारहित तवरबाट पुष्टि हुनुपर्दछ । केवल सहप्रतिवादीले गरेको पोल र मुद्दामा प्रतिवाद नगरेकै आधारमा प्रतिवादी आरोपित कसुरमा संलग्न थिए भनी अनुमानको भरमा कसुरदार ठहर गर्नु न्यायोचित देखिन आउँदैन । प्रतिवादी मिलन कार्कीउपरको आरोपित कसुर ठोसरूपमा मिसिल संलग्न प्रमाण कागजातहरूबाट पुष्टि हुन आएको नदेखिँदा निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी न्यायाधिकरणबाट भएको फैसला मनासिब नै देखिएकोले अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुरमा प्रतिवादी अक्षयकुमार बोहोरालाई सोही ऐनको दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।- जरिवाना गरी जाहेरवालाले दाबीबमोजिमको बिगो र हर्जानासमेत प्रतिवादी अक्षयकुमार बोहोराबाट भराइपाउने ठहर गरी यी प्रतिवादी मिलन कार्कीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७४।९।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : माधव भण्डारी

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७७ साल जेठ २२ गते रोज ५ शुभम्।**

### ३२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७६-WH-००९७, बन्दीप्रत्यक्षीकरण, चीनको हुवाई प्रान्त

पौदिङ्ग कायुयान नानुख घर नं. ८३७ भई हाल महानगरीय प्रहरी परिसर जाउलाखेल ललितपुरमा थुनामा रहेको उपो (WUPO) (पासपोर्ट नं. E ९८७६६८४४) वि. महानगरीय प्रहरी परिसर जाउलाखेल ललितपुरसमेत

रिट निवेदक चिनियाँ नागरिक नेपाल व्यापार व्यवसाय गर्दै आइरहेकोमा सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दाको अनुसन्धानको सिलसिलामा मिति २०७२/८/१४ गतेका दिन काठमाडौंको क्षेत्रपाटीबाट पक्राउ परी हिरासतमा रहेकोमा निजसँग धरौट माग गरी निज छुटेको देखिन्छ । मिति २०७६/६/२ मा चीनबाट हवाई मार्गमार्फत नेपाल आएका निज निवेदकलाई त्रिभुवन विमानस्थल एयरपोर्ट अध्यागमनबाट इन्ट्री गर्ने पालो पर्खी लाइन बस्दाकै क्रममा पक्राउ गरी सोही दिनदेखि जाउलाखेल स्थित हिरासतमा रहेको देखिन्छ। निवेदक चिनियाँ नागरिक उपोलाई सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धान गर्नुपर्ने भनी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको च.नं. ५-१-३३ मिति २०७६/६/५ को पत्रानुसार सोही मितिदेखि लागु हुने गरी सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा १७ को उपदफा (२) र (३) बमोजिम अनुसन्धानका लागि दिन ३० को म्याद थप माग भई आएकोमा मिसिल संलग्न कागजातहरूको आधारमा उपर्युक्त कसुरमा अनुसन्धान गर्नका लागि कानूनबमोजिम सोही ऐनको दफा १७(४) बमोजिम मिति २०७६/६/५ बाटै लागु हुने गरी विशेष अदालतबाट दिन २५ म्याद थपको आदेश भएको पाइयो । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धान तहकिकात गर्न उपरोक्त ऐनले अधिकार प्रदान गरेको देखिएकोले अनुसन्धान अधिकारीले हिरासतमा रहेका व्यक्तिलाई अनुसन्धान गर्ने प्रयोजनार्थ आधार, कारण खुलाई हिरासतमा राख्न म्याद थप हुन माग गरेको र हिरासतमै राखी अनुसन्धान गर्नुपर्ने आधार कारण मनासिबै देखिई म्याद थप गरिएको पाइने।

सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा निजको संलग्नताको विषयमा सम्बन्धित निकायले प्रमाण मूल्याङ्कन गरी निर्णय गर्नुपर्ने विषयसमेत देखिएको, जरूरी पक्राउ पुर्जी जारी गरी रीतपूर्वक कानूनबमोजिम अनुसन्धानको लागि थुनामा राखिएको हुँदा यसरी प्रक्रिया पुऱ्याई कानूनबमोजिम हिरासतमा राख्न म्याद थप गरेको अवस्थामा गैरकानूनी तवरबाट थुनामा राखेको भन्न मिल्ने अवस्था देखिँदैन । निवेदकउपर हिरासतमा राख्न म्याद थप भइसकेको देखियो र निवेदकले निवेदनमा उठाएको कुराहरूको सम्बन्धमा उक्त मुद्दाबाट नै निर्क्यौल हुने हुँदा प्रस्तुत निवेदनका सन्दर्भमा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : सृजना गौतम

**इति संवत् २०७६ साल कात्तिक ७ गते रोज ५ शुभम्।**

## इजलास नं.१२

### ३३

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-CR-०५१०, डाँका, नेपाल सरकार वि. सिजन अधिकारीसमेत*

घटनाको अघिल्लो दिन र घटनाका दिन पनि निज प्रतिवादीहरू विनय अधिकारीको फोन सम्पर्कमा रहिरहेको भन्ने कल डिटेलबाट देखिएको र अन्जन थापाले त्यति ठुलो रकम ल्याएर राख्न दिँदा निज प्रतिवादीहरूले संशय प्रकट गरी इन्कारी गरेको देखिँदैन । उक्त रकम डाँका गरी ल्याएको हो भनी जान्दाजान्दै निज प्रतिवादीहरूले राखेको तथा प्रतिवादी सन्तोष भन्ने सुरेन्द्र बोहराको कोठाबाट रू.१,३२,०००।- र सरोज श्रेष्ठको कोठाबाट रू.२,८५,०००।- बरामद भएको अवस्था देखिँदा यी प्रतिवादीहरूले उक्त रकम जानीजानी राखेको पुष्टि भएकोले मुलुकी ऐन चोरीको महलको २४ नं. ले चोरीको माल भनी जानीजानी लिने वा राख्नेलाई वा किन्नेलाई पहिला पटक भए बिगोबमोजिम जरिवाना गर्नुपर्छ भनी सजायको व्यवस्था गरेकोले निज प्रतिवादी सरोज श्रेष्ठ र सुरेन्द्र बोहरालाई चोरीको महलको २४ नं. बमोजिम कसुर कायम गर्नुपर्ने देखिने ।

तसर्थ, प्रतिवादी सन्तोष बोहरा र सरोज श्रेष्ठले चोरी ल्याएको धन जानीजानी राखेकोले चोरीको २४ नं. बमोजिम रू. २,८५,०००/- र प्रतिवादी सन्तोष बोहरालाई रू.१,३२,०००/- जरिवाना र प्रतिवादी विनय भन्ने सिजन अधिकारी, ज्ञानहरी पुरी, अन्जन थापा, झमबहादुर बोहरालाई जनही कैद वर्ष ६(छ) र जरिवाना रू. ६,२५,०००/- कायम गरी दशीको रूपमा पेस भएको रू. ४,१७,०००।- (चार लाख सत्र हजार) जाहेरवालाले फिर्ता पाउने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतलबाट मिति २०७४।११।९ मा भएको फैसलालाई सदर गरेको उच्च अदालत पाटनको मिति २०७५।१०।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

मुलुकी ऐनले भन्दा मुलुकी अपराध संहिता, २०७४ ले डाँका मुद्दामा जरिवानाको हकमा कम सजाय निर्धारण गरेको अवस्था हुँदा प्रतिवादी झमबहादुर बोहोरा थापालाई लागेको कैदको हकमा काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत पाटनको फैसलालाई परिवर्तन गर्नुपर्ने भएन र जरिवानाको हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(३)(ख) ले तोकेबमोजिम एक लाख जरिवाना हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७८ साल असार ३१ गते रोज ५ शुभम् ।**

### ३४

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-CR-०८६४, ठगी, नेपाल सरकार वि. सिजन अधिकारीसमेत*

प्रतिवादीहरू सिजन अधिकारी र ज्ञानहरि

पुरीले मुलुकी ऐन ठगीको महलको १ नं. बमोजिम झुटो कुरालाई सद्दे हो भनी झुक्याई वा अरू जुनसुकै बेहोरासँग धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने अर्काको हकको चल अचल धनमाल लिए दिए दिलाएमा समेत ठगी गरेको ठहर्ने भनी ठगीको सम्बन्धमा गरेको परिभाषाबमोजिमको कार्य गरेको देखियो । सो हुँदा प्रतिवादीहरू सिजन अधिकारी र ज्ञानहरि पुरीले सुनजस्तो वस्तु देखाई सुन भनी जाहेरवालाहरूबाट लिएको रकम राखी ठगी गरेको कार्यमा संलग्न भएको अवस्थामा ठगीको महलको १ नं. बमोजिमको ठगीको कसुर गरेको सिद्ध हुन आएको।

प्रतिवादी झमबहादुर बोहोराउपर लगाइएको अभियोग अभियोजक तथा वादीतर्फबाट शंकारहित तवरबाट पुष्टि हुने प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन । सो हुँदा लगाउमा रहेको डाँका मुद्दामा निजको संलग्नता देखिए पनि यस ठगी कार्यमा प्रतिवादी झमबहादुर बोहरा थापाको अभियोग दाबीबमोजिम कसुर ठहर हुने तथ्ययुक्त प्रमाणको अभाव देखिएकोले वादी नेपाल सरकारको तर्फबाट परेको पुनरावेदन जिकिर सो हदसम्म पुग्न सक्ने नदेखिने।

अतः प्रतिवादी विनय भन्ने सिजन अधिकारीलाई रू. २ (दुई) लाख जरिवाना र २ (दुई) महिना कैद र लक्की भन्ने ज्ञानहरी पुरीलाई रू. ४,५०,०००/- (चार लाख पचास हजार) जरिवाना र ४(चार) महिना कैद सजाय हुने ठहऱ्याई तथा प्रतिवादी झमबहादुर बोहरालाई सफाइ दिने गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०७४।११।९ को फैसलालाई सदर गरेको उच्च अदालत पाटनबाट मिति २०७५।१०।२८ मा भएको फैसला सो हदसम्म मिलेकै देखियो । तर, बिगोको हकमा केही नबोली काठमाडौं जिल्ला अदालतको मिति २०७४।११।९ को फैसलालाई सदर गरेको उच्च अदालत पाटनको मिति २०७५।१०।२८ को फैसलामा सो हदसम्म मिलेको नदेखिँदा सो फैसला केही उल्टी भई प्रतिवादी लक्की ज्ञानहरि पुरीबाट बिगोबापत रू.४,५०,०००।– (चार लाख पचास हजार) र प्रतिवादी विनय भन्ने सिजन अधिकारीबाट रू.२,००,०००।– (दुई लाख) जाहेरवालाले भराइपाउने ठहर्छ । सो हदभन्दा बढीमा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७८ साल असार ३१ गते रोज ५ शुभम्।**